# परिच्छेद – एकः पृष्ठभूमि, कानुनी व्यवस्था तथा परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय सरकार गरी तीन सरकार हुने र राज्यशक्तिको प्रयोग तीनै सरकारले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । तीन सरकारको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय सरकारको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय सरकारको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय सरकारको कार्य क्षेत्र भनी उल्लेख गरेको छ । उपरोक्त संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार स्थानीय सरकारको विस्तृत र खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गर्न आधारभूत प्रक्रिया, विधि र फारामहरु सहितको गाउँ तथा नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ जारी भएको छ । कार्यविधिको प्रमुख उद्देश्य प्रत्येक स्थानीय तहहरुले विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु तयार गर्न अत्यावश्यक आधारभूत तथ्यांक, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा गाउँ वा नगर वस्तुगत विवरण तयारी गर्न दिशानिर्देश प्रदान गरेको छ ।

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय तह शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको रणनीतिक/आवधिक, एकीकृत एवं बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थितिसहित स्थानीय तहको वस्तुगत विवरण तयारी आवश्यक रहेको छ । उक्त विवरणमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा गाउँपालिका तथा नगरपालिका भित्र रहेका भौतिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, मानवीय श्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुती संलग्न हुन आवश्यक छ ।

स्थानीय योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुगत विवरणले निर्णयकर्ता तथा विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ । तसर्थ वस्तुगत विवरणमा योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण संकलन गर्ने र निश्चित अवधिमा त्यसलाई अद्यावधिक गर्दै उपलब्ध स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्नुपर्ने हुन्छ ।

सूचना प्रविधिमा आधारित वस्तुगत विवरण संकलन, भण्डारण, प्रशोधन र विश्लेषणका आधारमा वस्तुगत

विवरण प्रकाशन र अद्यावधिक गर्नु नै आर्थिक दृष्ट्रिले समेत दीगो सूचना व्यवस्थापन हुने लक्षका साथ मोलुङ गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको हो ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारहरुलाई दिएको २२ वटा एकल अधिकार र अन्य साभा अधिकारहरुलाई स्थानीयतहमा स्थापित गर्न र सो सम्वन्धी सेवाहरुलाई स्थानीय स्तरमा प्रभावकारिताका साथ प्रवाह गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले (हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) देशका सवै स्थानीय सरकारहरुलाई गाँउ तथा नगर पार्श्वचित्र तयारीका लागि निर्देशन तथा अनुरोध गरेको थियो । यसै विषयलाई आत्मासात गरि मोलुङ गाउँपालिकाको एकिकृत गाँउ विकासका लागि गाउँ क्षेत्र भित्रको तथ्याङ्क संकलन गरि समग्र गाउँपालिकाको अवस्था तथा वस्तुस्थिति भल्कने गरि मोलुङ गाउँपालिकाको पार्श्वचित्र (Profile of Molung Rural Municipality) तयार गरिएको हो ।

## १.२ उद्देश्य

समग्रमा यस अध्ययनको मुख्य उद्देश्य मोलुङ गाउँपालिकाको वस्तुस्थितीको पहिचान गर्नु हो । साथै मोलुङ गाउँपालिका संग सम्वन्धित आर्थिक, सामाजिक, भौतिक, भौगोलिक आदी विभिन्न वस्तुस्थितिको विश्लेषण गरी स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन लगायत अनुगमन मुल्याकंनमा सहयोग पुऱ्याउनु रहेको छ । यस गाउँपालिका पार्श्वचित्रको विशिष्ट उद्देश्यहरु निम्न वमोजिम रहेका छन् ।

- भौगोलिक, प्रशासनिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पूर्वाधार पँहुच, लगायत विकासको सन्दर्भमा समुदायको विद्यमान अवस्थाको विश्लेषण गर्नु ।
- गाउँपालिकाको दीर्घकालीन योजना तथा नीति निर्माण लगायत योजना तथा कार्यक्रम छनौट र बाडफाँडमा सहयोग पुचाउने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण गर्ने ।
- गाउँपालिका भित्र रहेका स्रोत साधन लगायत अवस्थाको वारेमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघसंस्था एवं गाँउपालिकाको विकासमा जिज्ञासा राख्ने व्यक्तिहरुलाई महत्वपुर्ण क्षेत्र, सम्भावना र समस्याहरुको वारेमा अवगत गराउने सामाग्रीको रुपमा दस्तावेज तयार गर्ने ।

## १.३ कानुनी तथा नीतिगत आधारहरु

**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ अनुसार,** स्थानीय तहको शासन संचालन सम्बन्धी विधेयक छलफलको प्रक्रियामा रहेकोले तत्काल स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेठ २ गतेको निर्णय अनुसार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी भएको छ । यस आदेशको अनुसूची ३ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन बारेमा र अनुसूची ४ मा वडा कार्यालयहरुले योजना तर्जुमा र तथ्याङ्क अध्यावधिक गर्नु पर्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आदेशमा जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास

सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरपालिकाको काम कर्तव्य र अधिकार भनि उल्लेख गरेकोले सोहि अनुसार मोलुङ गाउँपालिकाको पार्श्वचित्र तयार पारिएको छ ।

**स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४** को दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागिता मुलक प्रक्रियाबाट नतिजा मुलक ढंगले गर्नुपर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिती देखिने गरी वस्तुगत विवरण (Profile)तयार गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको हुनाले सोहि अनुसार मोलुङ गाउँपालिकाक पार्श्वचित्र तयार गरिएको छ ।

**स्थानीय सरकार संचालन ऐनः २०७४** को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को (ख) मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचनासहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था रहेकोले सोहि अनुसार वडाको अवस्था सहित झल्कने गरि पार्श्वचित्र तयार गरिएको छ ।

वस्तुगत विवरण (Profile) भन्नाले कुनै स्थान, क्षेत्रमा रहेको जनसख्या, भौगोलिक अवस्था, समाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्पष्ट हुने आधारभूत तथ्यांक, सूचक वा आधार रेखाको विवरण रहेको दस्तावेज हो । वस्तुगत विवरणलाई नेपालीमा "पार्श्वचित्र" पनि भनिन्छ । Profile शब्दलाई भूगोल, ईन्जिनियरिङ, चिकित्साशास्त्र आदि क्षेत्रमा फरक फरक वस्तुको विशेषता विश्लेषण गर्न प्रयोग गरिएता पनि कुनै प्रशासनिक वा भौगोलिक क्षेत्र बारेको तथ्याङ्क प्राप्ती, विश्लेषण तथा प्रस्तुती गरिएको विवरणलाई पनि वस्तुगत विवरण (Profile) भन्ने गरिएको छ ।

वर्तमान अवस्था अनुसार नेपालको सन्दर्भमा स्थानीय तह स्थानीय सरकार हो । यसले स्थानीय स्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह गर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहहरुले आफ्नो गाउँपालिका तथा गाउँपालिकाको वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । वस्तुगत विवरण तयारीका लागि सूचना संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सुचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले स्थानीय तह लगायत अन्य सरोकारवाला हरुवाट विकास क्रियाकलाप संचालन गर्न ठुलो सहयोग पु-याउँदछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजविज वारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । संकलनका आधारमा यी दुई प्रकारका हुन्छन् - प्राथमिक सुचना र द्वितीय सूचना । प्राथमिक सूचना आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरुले संकलन गरेको सूचनालाई द्वितीय सूचना भनिन्छ । यी सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अर्न्तगत पर्दछन । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा दिँदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गरिनु पर्दछ ।

गाउँपालिकाको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका अत्याधिक मात्रामा बढिरहेको सन्दर्भमा गाउँपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन गाउँपालिकाले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । हाल मन्त्रालयले नेपालका सवै गाउँपालिका र नगरपालिकाका लागि वस्तुगत विवरण तयारीका लागि स्पष्ट खाँका तयार गरि सवै स्थानीय तहमा पठाई सकेको हुनाले तयार गर्न चाहने स्थानीय तहहरुका लागि वस्तुगत विवरण तयार गर्न सहयोगी हुने र विगतमा रहेको अपूर्ण र एकरुपताको अभाव तथा कठिनाईलाई हटाउन सक्ने देखिन्छ । विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत पार्श्वचित्रले सहयोग गर्दछ ।

## १.४ तयारीका चरण

गाउँपालिकाको वस्तुगत विवरण तयार गर्दा विशेष गरि जनगणनामा आधारि**त** भई गाउँपालिका भित्र रहेका सबै वडाहरुको घरधुरी सर्वेक्षण गरि प्रतिवेदन तयार गरिएको छ । साथै साविकका गा.वि.स.हरुका वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका लक्ष्य तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन, आवधिक योजना तर्जुमा निर्देशिका आदि सामग्रीहरुको अध्ययन, गाँउपालिकाका वडाहरुको स्थलगत भ्रमण तथा अवलोकन र यस क्षेत्रमा कार्य गरेका विज्ञहरुसँग गरेको परामर्श आदि प्रमुख रहेका छन ।

पार्श्वचित्र तयारीको लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यस क्रममा घरधुरी सर्वेक्षण २०७५, राष्ट्रिय जनगणना २०६८, राजपत्रमा प्रकाशित सूचना, जिल्ला समन्वय समिति ओखलढुङ्गा, समुहगत छलफल तथा अर्न्तक्रिया लगायत सामाजिक अध्ययन विश्लेषणका विवरणात्मक र विश्लेषणात्मक शैलीहरुको उपयोग गरिएको छ । यसैगरी स्थानीय तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्धितीय सूचनाका श्रोतहरु, विभिन्न संघ संस्थाका प्रतिवेदनहरु लगायत भौगोलिक सूचना प्रणालीको समेत प्रयोग, अध्ययन विश्लेषण गरी समग्र गाँउपालिकाको अवस्था झल्कने गरी सिंगो पार्श्वचित्र तयार गरिएको छ । विशेष गरि यसका चरणहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

- ✓ वस्तुगत विवरण ढाँचा, सर्वेक्षण औजार तथा विधि स्वीकृती
- ✓ वस्तुगत विवरण तयारी गोष्ठी तथा कार्य योजना स्वीकृती
- ✓ सर्भेक्षण तथा तथ्यांक संकलन
- ✓ तथ्यांक विश्लेषण, प्रस्तुती तथा श्रोत नक्सा तयारी
- ✓ वस्तुगत विवरण मस्यौदा तयारी
- ✓ वस्तुगत विवरण प्रमाणीकरण कार्यशाला

## १.५ वस्तुगत विवरण तयारी कार्यशाला


मालुङ गाउँपालिकाको वस्तुस्थितिलाई चित्रण गर्ने क्रममा बिभिन्न चरण तथा विधिलाई मध्यनजर गर्दै पार्श्वचित्रलाई कसरी तथ्यपुर्ण बनाउन सकिन्छ भन्ने उद्येश्यका साथ विभिन्न तह तथा समुहमा छलफल तथा कार्य समितिको बैठक वसी यस पार्श्वचित्रलाई जिवन्त तथा तथ्यमय बनाउने निर्णय सहित कार्यशाला गोष्ठी सम्पन्न गरियो ।


## १.६ सहजकर्ता तथा गणक छनौट अभिमुखीकरण र परिचालन

यस गाउँपालिकाको पार्श्वचित्र तयार गर्ने क्रममा अपनाइएको एउटा बिधि घरधुरी सर्वेक्षण थियो, जसमा बास्तविक विवरण प्राप्त गर्ने उद्देश्यका साथ प्रत्येक वडाबाट सोही वडाबासीहरुलाई नै घरधुरी सर्वेक्षणका लागि छनोट गरि सर्वेक्षणको क्रममा आइ पर्न सक्ने सम्भावित कठिनाईहरुको पुर्वअनुमान गरि सोही अनुरुप परिस्थितिलाई सम्हाल्न सक्ने वातावरण तथा मनस्थिति सिर्जना गरि उनीहरुलाई अभिमुखिकरण तालिम तथा प्रशिक्षण प्रदान गरि घरधुरी सर्वेक्षण कार्यको थालनी तथा परिचालन गरिएको थियो ।

## १.७ तथ्याङ्क संकलन / तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्शा तयारी

कुनै पनि अध्ययन तथा अनुसन्धानलाई वैज्ञानिक तथा तथ्यपरक बनाउनको लागि तथ्यांकको आबश्यकता पर्दछ । तथ्यांकलाई प्रतिवेदन तथा अध्ययनको मेरुदण्डको रुपमा लिने गरिन्छ । समय तथा परिस्थिति सगैं बिधि तथा प्रबिधिको विकास तथा विस्तार भएको छ यसै सन्दर्भमा यस मोलुङ गाउँपालिकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा घरधुरी सर्वेक्षण बिधिबाट पार्श्वचित्र निर्माण गर्ने निर्णय अनुरुप हाल प्रविधिमा देखा परेको




तथा अत्यन्तै उपयोगी मोबाइल एप्सको (Mobile Apps)माध्यमबाट तथ्यांक संकलन गरियो जसलाई एउटा बिशेष प्रकारको सफ्टवयरको निर्माण गरि सोही सफ्टवयरको माध्यमद्धारा तथ्यांक सष्लेषण / विश्लेषण तथा प्रशोधन गर्ने काम सम्पन्न गरियो साथै प्राप्त तथ्यांकवाट आवश्यक श्रोत नक्शांकन पनि निर्माण गरिएको छ ।

## १.८ अध्ययन/ढाँचाको महत्वः

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन र सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नकालागी

स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आवश्यक हुन्छ । आजको विश्वव्यापीकरण (Globalization) को यूगमा समय सापेक्ष ढंगले समानूपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तूगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तूस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरु तर्जूमा गर्न तथा विभिन्न विकासका क्रियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तूत पार्श्वचित्र, सम्बन्धित क्षेत्रका संस्था एवं अनूसन्धानकर्ता, योजनाकार, विकासचिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

## १.९ वस्तुगत विवरण मस्यौदा तयारी

तथ्यांक संकलन, विश्लेषण,सश्लेषण तथा प्रशोधन पश्चात बस्तुस्थितिको एउटा प्रारम्भीक खाँका तयार भएको हुन्छ । यो चरण पार्श्वचित्र निर्माणको संवेदनशिल पक्ष हो । प्राप्त सम्पुर्ण तथ्यांकहरुको तथा बिषयबस्तुको समायोजन पछि तथ्यांकको तथा बिषय बस्तुको क्रमबद्धतालाई एउटा खाँकामा ढालेर मस्यौदा प्रतिवेदन तयार गरिएको थियो ।

## १.१० वस्तुगत विवरण सुझाव संकलन

मस्यौदा प्रतिवेदन पेश गर्नुको मुख्य उद्देश्य भनेको नै सुझाव तथा जानकारी संकलन गरी पार्श्वचित्रलाई पुर्णरुप दिनु नै हो । यसै सन्दर्भमा मस्यौदा प्रतिवेदन तयारी पश्चात उक्त पार्श्वचित्रका आधिकारिक व्याक्तित्व तथा स्थानीय बासिन्दाहरुको सुझाव तथा सल्लाहलाई संकलन गर्ने कार्य गरिएको थियो जसले गर्दा गाँउ पार्श्वचित्रलाई मुर्तरुप प्रदान गर्न सहज तथा सफलता प्राप्त भयो ।

## १.११ वस्तुगत विवरण अन्तिम प्रतिवेदन तयारी

मस्यौदा प्रतिवेदन पेश गरे पश्चात मोलुङ गाउँपालिकाका जनप्रतिनिधि तथा गाउँपालिकामा कार्यरत कर्मचारी, बिषयगत कार्यालय तथा बिभिन्न तह तथा समुहबाट प्राप्त सल्लाह, सुझाब तथा प्रतिवेदन लेखनको क्रममा देखापरेका कमी कमजोरी तथा त्रुटिहरुलाई सच्याउदै पुनः अन्तिम पार्श्वचित्र लेखन तथा निर्माण कार्य सम्पन्न गरिएको छ ।

## १.१२ वस्तुगत विवरणको सीमा

गाउँपालिकाको वस्तुगत विवरण तयारीका लागि ढाँचा तयार गर्ने क्रममा प्राप्त विभिन्न विषय क्षेत्रको सैद्धान्तिक अध्ययन गरिएको भएता पनि वास्तविक रुपमा सम्बन्धित क्षेत्रमा परीक्षण गर्न वाँकी रहेको हुनाले सुधार गर्नुपर्ने हुन सक्छ । यसैगरी भौगोलिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक आदि विविधता भएको क्षेत्रको सम्पूर्ण पक्ष नसमेट्न सक्छ भने कतिपय उल्लेखित सवै फारामहरु गाउँपालिकामा उपयोग नहुन सक्छ । तापनि पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत भएको हुदा अध्ययनको उद्देश्यलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य कुराहरुको सिमितताको कारणले गर्दा जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाधिएको हुन्छ । त्यसैले मोलुङ गाउँपालिकाको पार्श्वचित्र तयार गर्ने कममा जनगणनामा आधारित घरधुरी सर्वेक्षण, मन्त्रालयवाट प्रकाशित गरिएको वस्तुगत विवरण ढाँचा, नापी विभागवाट उपलब्ध तथ्यांक, जिल्लावाट उपलब्ध तथ्यांक विवरण, गाउँपालिकाभित्र रहेका

सरोकारवाला निकाय, गाउँपालिकाका विभिन्न शाखा, उपशाखा तथा इकाई लगायत जननिर्वाचित प्रतिनीधि सहितको स्थलगत सर्वेक्षण आदिको सिमा भित्र रहि समग्र मोलुङ गाउँपालिकाको वस्तुस्थिती विवरण तयार गरिएको छ ।

# परिच्छेद दुईः गाँउपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति तथा राजनैतिक अवस्थिति

प्रदेश न. १ ओखलढुङ्गा जिल्लामा अवस्थित मोलुङ गाँउपालिका तत्कालिन छ वटा गाविसहरु समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७३।११।२७ गतेको मन्त्रीस्तरीय निर्णयबाट पारित भै स्थापना भएको हो । यस गाउँपालिकामा समेटिएका साविकका छ गाविसहरु क्रमशः कुन्तादेबी , बरुणेश्वर, हर्कपुर, प्राप्चा श्रीचौर, रागादिप र पात्ले मिलि प्रशासनिक संरचना बनेको छ। भौगोलिक अवस्थिति अनुसार २७ डिग्री २२ मिनेट देखि ८६ डिग्री २६ मिनेट पुर्वी देशान्तरसम्म र २७ डिग्री ३७ मिनेट देखि ८६ डिग्री ४३ मिनेट उत्तरी अक्षांशसम्म फैलिएको छ। पुर्वमा सिद्धिचरण.न.पा, पश्चिममा खिजिदेम्बा गाउँपालिका र चम्पादेवी गाउँपालिका, उत्तरमा सिद्धिचरण.न.पा र खिजिदेम्बा गाउँपालिका र दक्षिणमा सुनकोशी गाउँपालिका र सिद्धिचरण.न.पा रहेको छ । पर्यटकीय क्षेत्रको रुपमा रहेको मोलुङ,पोक्तिङ,कुलखोला,गैराबारी खोला,डोले खोला,झगरपुर खोला, पेकु खोला, सेप्ली झरना, सेप्ली मोलुङ दोभान झरना, च्यादी झरना,जलजलेश्वर महादेव त्रिवेणी मकरधाम, कुन्तादेवी मन्दिर, बरुणेश्वर महादेव मन्दिर, कालिका देवी मन्दिर, मालिका देवी मन्दिर, जलकन्या देवी मन्दिर, भङ्गाले तिन कन्या देवी, बेली चमेली, पञ्चकन्या देवी, केउरिनी, ढाडवेसी, कमलामाई मन्दिर,थानी ढुङगा,गैरी संकर हिमाल देखिने तिनतले पहाड,उर्गेन छ्योलिङ गुम्बा, र तेन्जुर तेङ गुर गुम्बा लगायत प्रचुर सम्भावना वोकेका पर्यटकिय स्थान हरु रहेका छन् ।

## २.२ प्रशासनिक विभाजन

मिति २०७३।११।२७ को मन्त्रीपरिषदको निर्णय अनुसार मोलुङ गाउँपालिकालाई हाल ८ वटा वडामा विभाजन गरि प्रशासनिक रुपमा संचालन गरिएको छ भने गाउँपालिकाको कार्यालय हालको ३ नं. वडा प्राप्चा भन्ने स्थानमा रहेको छ । गाउँपालिकाको वडा कार्यालय रहेको स्थान र स्वामित्व सम्बन्धी विवरणलाई तलको तालिकामा दिइएको छ ।

**तालिका नं. २.१ वडा कार्यालय सम्बन्धी विवरण**

| वडा नं. | वडा कार्यालय रहेको स्थान | कैफियत | वडा नं. | वडा कार्यालय रहेको स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | कुन्ता देवी | आफ्नै | ५ | श्रीचौर | आफ्नै |
| २ | बरुणेश्वर | भाडामा | ६ | | आफ्नै |
| ३ | प्राप्चा | आफ्नै | ७ | पात्ले | आफ्नै |
| ४ | हर्कपुर | आफ्नै | ८ | रागादेव | भाडामा |

श्रोतः मोलुङ गाउँपालिका २०७५

## २.३ चिनारी तथा नामाकरण

मालुङ गाउँपालिका ओखलढुङ्गा जिल्ला भित्रमा अवस्थित एउटा सुन्दर गाउँपालिका हो । ओखलढुंगा जिल्लाको मध्ये भागमा अबस्थित थोले देम्बा सिरान बाट बगेको शिबदुती गङ्गा मोलुङ खोला को नामबाट मोलुङ गाउँपालिकाको नामले नामङ्कित छ । काठमाडौंबाट करिव १२० कि.मि. दुरी पार गरेपछि ओखलढुङ्गा पुग्न सकिन्छ । ओखलढुंगा जिल्लाको सदरमुकाम सिद्धिचरण.न.पा ओखलढुंगा बाट २३ किमि पश्चिम सडक यात्रा गरेपछी यो गाउँपालिका को केन्द्र प्राप्चा देउराली पुग्न सकिन्छ । मोलुङ गाँउपालिका तत्कालिन सात गाविसहरु समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ बैशाख २५ गतेको मन्त्रीस्तरीय निर्णयबाट पारित भै स्थापना भएको थियो । तत्कालिन समयमा यस गाउँपालिका

समेटिएका साविकका सात ओटा गाविसहरु क्रमशः कुन्तादेबी, बरुणेश्वर, हर्कपुर, प्राप्चा श्रीचौर, रागादिप र पात्ले हुन । यस गाँउपालिकाको कुल क्षेत्रफल ११२ वर्ग किमि रहेको छ । यस गाउँपालिकामा मोलुङ खोलाको किनारा मा उर्वर भूमिको साथै भिरालो जमिनहरु रहेका छन् । यहाँ कृषि उत्पादन र पशुपालनका साथै आन्तरीक पर्यटन उद्योगको प्रचुर सम्भावना रहेको छ ।

## २.४ धरातलीय अवस्था

मोलुङ गाउँपालिका बेँसीको वरिपरि तिनतले, तालकोट र खानी ढुङ्गा डाँडाहरुले घेरिएको छ । यहाँको तापक्रम सरदर २५ डिग्री देखि २८ डिग्री सम्म पुगेको छ । मोलुङ खोला, पोक्तिङ खोला, गैराबारी खोला डोले खोला, झगरपुर खोला, डोला खोला, पेकु खोला बाट यस गाउँपालिकामा रहेका खेत/बारी सिंचित भयको देखिन्छ । । यस गाउँपालिकामा चैत महिना देखि असोजको प्रारम्भसम्म गर्मी असोजदेखि फागुन सम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसम अनुसार विविध किसिमको रहेको छ । भौगोलिक विषमातायुक्त गाउँपालिका भएकोले यहाँको उचाई र अबस्थिति फरक फरक पाइन्छ । ग्रीष्म र वर्षा ऋतुमा मनसुनी बर्षा हुने गर्दछ । मनसुनी वायुको प्रभाबले करिब २००० मिलीलिटर सरदर वर्षा भएको पाइन्छ। यस गाउँपालिकामा दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असारदेखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । यी महिनाहरूमा कुल वर्षाको ८० प्रतिशत सम्म पानी पर्दछ ।

## २.५ वनस्पति तथा वन्यजन्तुहरू

यस गाउँपालिका जैविक विविधताले महत्वपुर्ण मानिन्छ । उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लौठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि हुन् । तर यी जडिबुटीको व्यवसायिक प्रयोजनका हिसावले प्रयोग भएको भने पाँइदैन । यस बाहेक डाबर नेपालले उग्रतारा जंगलमा जडिबुटी खेती गरेको छ भने केही किसानहरूले पनि जडिबुटी खेती शुरूवात गरेका छन् । महाभारत क्षेत्रको ढुंखर्क, भुग्देउ, च्यासिंखर्क, चलाल गणेशस्थान क्षेत्रमा पाइने केही महत्वपूर्ण जडिबुटीहरू लौठ सल्ला, ठिंग्रे सल्ला, विस्वामा, लोक्ता, अर्घौली, भ्याउ, सुगन्धवाल, चिराइतो,मजिठो, कुरीलो आदि रहेका छन् ।

गाउँपालिकामा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग लङ्गुर, बादर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, ठेउवा, जुरेली, फिस्टा, तित्रा, बकुल्ला, चिल, गिद्ध, वनकुखुरा, ढुकुर जस्ता पंक्षी पाईन्छन् । गोहोरो, सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, विच्छी, फट्यांग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन् ।

## २.६ चार्डपर्व तथा साँस्कृतिक उत्कृष्टता

देशका अन्य भागमा जस्तै यस गाउँपालिकाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरु र रितिरिवाजहरु मान्दछन । यस गाउँपालिकामा हरेक धर्ममा पनि जाति विशेष चाडपर्वहरु फरक फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, रामनवमी, शिवरात्री, फागुपुर्णिमा, वुद्धपुर्णिमा, नागपञ्चमी, माघेसक्रान्ती, साउने सक्रान्ती, कृष्णजन्माष्टमी, चैतेदशै, हरिशयनी एकादशी, हरीवोधनी एकादशी, कूशेऔसी धान्यपुर्णिमा, चण्डी पुर्णिमा शिवरात्री मेला, रामनवमी, बाला चतुर्थी, आहाल चौर चोरे मेला तथा अन्य चाडपर्वहरु परम्गारागत



रुपमा मनाइन्छ भने ल्होसार, सामा सकेवा आदी जाती विशेषमा मनाइने गरिन्छ । विशेषगरी यस गाँउपालिकाका मूख्य हिन्दु धर्मावलम्वीहरुले दशैं तथा तिहार पर्व बिशेष रुपमा मनाउने गर्दछन् । यस गाँउपालिकाका वासिन्दाहरुले माताातिर्थ औंसी, बुद्धजयन्ती, गुरुपुर्णिमा, साउन संक्रान्ती, नागपञ्चमी, रक्षाबन्धन, कृष्ण अष्टमी, तीज, सोह्रश्राद्ध, धान्यपुर्णिमा, स्वस्थानीब्रत आरम्भ, माघेसंक्रान्ती, ल्होसार, श्रीपञ्चमी, फागु पुर्णिमा, चैते दशैं आदि पर्वहरु पनि मनाउँछन ।

**तालिका नं. २.२ स्थानीय चाडपर्व तथा जात्राहरुको विवरण**

| क्र.सं. | स्थानिय जात्रा मेला तथा पर्वहरुको नाम | स्थान |
|---|---|---|
| १ | धान्यपुर्णिमा, चण्डी पुर्णिमा | कुन्तादेवी |
| २ | धान्यपुर्णिमा, चण्डी पुर्णिमा | जलकन्या |
| ३ | शिवरात्री मेला, रामनवमी, बाला चतुर्थी | सन्तानेश्वर |
| ४ | शिवरात्री,बालाचतुर्थी,रामनवमी, | जलजले |
| ५ | शिवरात्री,बालाचतुर्थी,रामनवमी, | महादेव खोला |
| ६ | आहाल चौर चोरे मेला | ६ |

श्रोतः वडा कार्यालय २०७५

## २.७ धार्मिक तथा ऐतिहासिक स्थान

मोलुङ गाउँपालिकामा विभिन्न मन्दिर लगायत धार्मिक, पर्यटकीय तथा ऐतिहासिक मठमन्दिरहरुको साथै स्थानहरु रहेका छन, जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २.३ धार्मिक तथा ऐतिहासिक स्थान सम्वन्धी विवरण**

| क्र.सं. | धार्मिक तथा एतिहासिक स्थलहरुको नाम | स्थान |
|---|---|---|
| १ | कुन्तादेवी मन्दिर ,शान्तादेवी | कोटेगाउ |
| २ | सिंहदेवी मन्दिर | थापाचौर |
| ३ | वुदेनीथान मन्दिर | थापाचौर |
| ४ | सेती मन्दिर, जलपादेवी गहते,कालिका देवी | गहते |
| ५ | कालिदेवी वरवोटे,सिंहदेवी,सेतीदेवी | वरवोट |
| ६ | सन्तानेश्वर महादेव, तिनकन्या, जल्पादेवी | ढकाल गाँउ |
| ७ | सिंहदेवी, तिनकन्या,जलकन्या | १ |
| ८ | जलजलेश्वर महादेव मन्दिर | जलजले,त्रिवेणीधाम |
| ९ | महादेवखोला महादेव मन्दिर | महादेवखोला |
| १० | बेलीचमेली देवी मन्दिर | जरायटार |
| ११ | सिंहदेवी मन्दिर | सल्लेरीमाने,दाडवेशी |

| | | |
|---|---|---|
| १२ | जल्पादेवी मन्दिर | घलेगाँउ, मानेगाँउ |
| १३ | कालिकादेवी मन्दिर | हर्कपुर |
| १४ | माहांकाल देवी मन्दिर | भालुमारे |
| १५ | माने गुम्बा | दाडवेशी |
| १६ | कालिकादेवी मन्दिर संरक्षण | ६ |
| १७ | छयाछिङ छोर्यालिङ गुम्बा | ६ |
| १८ | घुमाउने माने | ६ |
| १९ | शिव मन्दिर | ६ |
| २० | उग्रेती छोर्यालिङ गुम्बा | ६ |
| | | |
| | | |

श्रोत: वडा कार्यलय: २०७५

# परिच्छेद तीनः पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## ३.१ बस्ती र घरपरिवार विवरण

बस्ती भन्नाले कुनै पनि ठाउमा निश्चित क्षेत्र ओगटेर बसेका जनसंख्याको समुहलाई जनाँउदछ । परिवार, घर तथा टोल मिलेर एउटा बस्तीको संरचना हुन्छ । बस्ती भन्नाले त्यो स्थान भन्ने बुझिन्छ जँहा भौतिक तथा जैविक पर्यावरणको अबस्थिति तथा सन्तुलन रहेको हुन्छ । वास्तबमा कुनै पनि क्षेत्रको विकास तथा बिस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तीको ठुलो योगदान रहेको हुन्छ ।  थोपा थोपा मिलेर जसरी सागर बनेको हुन्छ त्यसैगरी बस्ती बस्ती मिलेर वडा अनि वडा वडा मिलेर सिंगो गाँउपालिकाकोको स्वरुप तयार भएको हुन्छ ।

## ३.२ जनसंख्या वितरणको अवस्था

मोलुङ गाउँपालिकाको वडागत आधारमा जनसंख्या सम्बन्धी विवरणलाई अध्ययन गर्दा यहाँको जम्मा जनसंख्या २२२७९ र घरधुरी संख्या ४२०८ रहेको छ, । यस गाउँपालिकाको वडा नं. २ मा अन्य वडाको तुलनामा सबैभन्दा बढी जनसंख्या ४३४८ रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा नं. ३ मा १७७७ रहेको छ । त्यस्तै यस गाउँपालिकाको वडागत घरधुरी संख्या सबैभन्दा बढी वडा नं. २ मा ८७० र सबैभन्दा कम वडा नं. ३ मा ३०३ घरधुरी संख्या  रहेको छ । तलको तालिका तथा डायग्राममा वडागत जनसंख्या तथा घरधुरी संख्या सम्बन्धी विवरणलाई देखाईएको छ ।


| वडा नं. | घरधुरी संख्या | जम्मामहिला | जम्मापुरुष | तेस्रो लिङ्गि | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ६४५ | १७२१ | १८४० | १ | ३५६२ |
| २ | ८७० | २१३४ | २२१३ | १ | ४३४८ |
| ३ | ३०३ | ८७९ | ८९८ | ० | १७७७ |
| ४ | ५०० | १३४४ | १३५५ | ० | २६९९ |
| ५ | ४२८ | १०८६ | ११४१ | ० | २२२७ |
| ६ | ५४० | १३८१ | १४३६ | ० | २८१७ |

**तालिका नं. ३.१ वडागत परिवार संख्या र जनसंख्या सम्बन्धी विवरण**

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ४६९ | ११९० | १२३४ | ० | २४२४ |
| ८ | ४५३ | ११९७ | १२२८ | ० | २४२५ |
| जम्मा | 4208 | 10932 | 11345 | 2 | 22279 |

श्रोत: घरधुरी सर्वेक्षण २०७५

**चित्र नं. १ वडागत परिवार संख्या र जनसंख्या सम्बन्धी विवरण**




## ३.३ उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण

मोलुङ गाउँपालिकाको उमेरगत जनसंख्या विवरणको तथ्याङ्कलाई आधारमानी हेर्दा सबैभन्दा बढी २०-२४ उमेर समुहका मानिसहरु रहेका देखिन्छन । जस अनुसार महिलाको जनसंख्या २३६७ तथा पुरुषको जनसंख्या २२७१ गरी कूल जनसंख्या ४६३८ रहेको देखिन्छ। यसैगरी सवैभन्दा कम जनसंख्या ७० देखि ७४ बर्ष नाघेका बृद्धबृद्धाको जम्मा जनसंख्या ४२१ रहेको छ । उमेर समुह तथा लिङ्ग अनुसार मोलुङ गाउँपालिकाको जनसंख्यालाई तलको तालिका तथा जनसंख्या पिरामिडमा देखाइएको छ।

**तालिका नं. ३.२ वडागत रुपमा उमेर तथा लिङ्गको आधारमा जनसंख्या विवरण**

| क्र.सं. | उमेर समुह | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २–४ | | | | | | | | | |
| | महिला | ११३ | १२६ | ६८ | ९५ | ८७ | १३३ | ८१ | १०७ | ८१० |
| | पुरुष | १३६ | १४३ | ५३ | ११४ | १२८ | १३१ | ९८ | ११२ | ९१५ |
| २ | ५–९ | | | | | | | | | |
| | महिला | १२६ | १६२ | ८९ | १४१ | ९४ | १५१ | १३२ | १०३ | ९९८ |
| | पुरुष | १४५ | १९४ | ७९ | १४३ | १०१ | १५२ | १२३ | १११ | १०४८ |
| | ते.लि. | १ | – | – | – | – | – | – | – | १ |
| ३ | १०–१४ | | | | | | | | | |
| | महिला | १५६ | १९८ | ८५ | १३२ | ११४ | १६६ | १४३ | १४७ | ११४१ |
| | पुरुष | १५६ | २२५ | १०३ | १२७ | ९८ | १९३ | १२४ | १४१ | ११६७ |
| | ते.लि. | – | १ | – | – | – | – | – | – | १ |
| ४ | १५–१९ | | | | | | | | | |
| | महिला | १६४ | २१३ | ८९ | ११२ | ११२ | १४७ | १३२ | १२७ | १०९६ |
| | पुरुष | १८८ | २११ | १०३ | १३२ | १११ | १६५ | १४७ | १२३ | ११८० |
| ५ | २०–२४ | | | | | | | | | |
| | महिला | २०४ | २२६ | ८४ | १५९ | १४५ | १६६ | १०३ | १२१ | १२०८ |
| | पुरुष | २१६ | २२१ | ९६ | १३५ | १३९ | १८२ | १३६ | १३६ | १२६१ |
| ६ | २५–२९ | | | | | | | | | |
| | महिला | १७५ | २०० | ९४ | १३४ | १०४ | १२१ | १०६ | १११ | १०४५ |
| | पुरुष | १८७ | २१९ | १०१ | १३८ | १२० | १४५ | ११४ | ११८ | ११४२ |
| ७ | ३०–३४ | | | | | | | | | |
| | महिला | ११३ | १७१ | ६९ | १०४ | ८८ | १०१ | ११२ | ९२ | ८५० |
| | पुरुष | १४७ | १७६ | ७४ | ११९ | ९२ | १०३ | ११४ | ९५ | ९२० |
| ८ | ३५–३९ | | | | | | | | | |
| | महिला | १३७ | १५१ | ५० | ८४ | ४४ | ८५ | ८२ | ८० | ७१३ |
| | पुरुष | १३९ | १७७ | ६१ | ८४ | ५९ | ९१ | ७२ | ८० | ७६३ |
| ९ | ४०–४४ | | | | | | | | | |
| | महिला | ९९ | १३१ | ४६ | ८४ | ५९ | ६३ | ५४ | ५२ | ५८८ |
| | पुरुष | १२३ | १३५ | ४१ | ९५ | ६२ | ५७ | ७९ | ६७ | ६५९ |
| १० | ४५–४९ | | | | | | | | | |
| | महिला | ७५ | १४० | ३८ | ६१ | ४२ | ४३ | ४५ | ५९ | ५०३ |
| | पुरुष | ७९ | १२४ | ३१ | ५५ | ४५ | ३७ | ४५ | ५८ | ४७४ |
| ११ | ५०–५४ | | | | | | | | | |
| | महिला | ९९ | ९२ | ४० | ४५ | ५२ | ६५ | ४५ | ५७ | ४९५ |
| | पुरुष | ८५ | १०४ | ५१ | ५४ | ४४ | ६३ | ५१ | ४२ | ४९४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१२** | **५५-५९** | | | | | | | | | |
| | **महिला** | ५५ | ७६ | ३१ | ४३ | ३८ | २६ | ३७ | ४३ | ३४९ |
| | **पुरुष** | ५५ | ६८ | २५ | ३७ | ३६ | ३४ | २८ | ३८ | ३२१ |
| **१३** | **६०-६४** | | | | | | | | | |
| | **महिला** | ६१ | ६३ | ३१ | ४१ | ३८ | ३४ | ५० | ३१ | ३४९ |
| | **पुरुष** | ५३ | ६४ | २६ | ४५ | ४१ | २३ | ४५ | ४० | ३३७ |
| **१४** | **६५-६९** | | | | | | | | | |
| | **महिला** | ३८ | ६५ | १६ | ३२ | १८ | २० | १८ | २१ | २२८ |
| | **पुरुष** | ३५ | ४७ | १५ | २३ | २३ | ११ | २३ | १७ | १९४ |
| **१५** | **७०-७४** | | | | | | | | | |
| | **महिला** | ३५ | ५४ | १८ | ३७ | १८ | २३ | १८ | १३ | २१६ |
| | **पुरुष** | ३६ | ५२ | १३ | २८ | २१ | २२ | १३ | २० | २०५ |
| **१६** | **७५ देखि माथि** | | | | | | | | | |
| | **महिला** | ७१ | ६६ | ३१ | ४० | ३३ | ३७ | ३२ | ३३ | ३४३ |
| | **पुरुष** | ६० | ५३ | २६ | २६ | २१ | २७ | २२ | ३० | २६५ |


श्रोत : घरधुरी सर्वेक्षण : २०७५

**तालिका नं. ३.३ उमेर समुह तथा लिङ्ग अनुसार जनसंख्या विवरण**

| उमेर समुह | महिला | पुरुष | तेस्रो लिङ्गि | जम्मा |
|---|---|---|---|---|
| ०-४ | ८१० | ९१५ | - | १७२५ |
| ५-९ | ९९८ | १०४८ | १ | २०४७ |
| १०-१४ | ११४१ | ११६७ | १ | २३०९ |
| १५-१९ | १०९६ | ११८० | - | २२७६ |
| २०-२४ | १२०८ | १२६१ | - | २४६९ |
| २५-२९ | १०४५ | ११४२ | - | २१८७ |
| ३०-३४ | ८५० | ९२० | - | १७७० |
| ३५-३९ | ७१३ | ७६३ | - | १४७६ |
| ४०-४४ | ५८८ | ६५९ | - | १२४७ |
| ४५-४९ | ५०३ | ४७४ | - | ९७७ |
| ५०-५४ | ४९५ | ४९४ | - | ९८९ |
| ५४-५९ | ३४९ | ३२१ | - | ६७० |
| ६०-६४ | ३४९ | ३३७ | - | ६८६ |
| ६५-६९ | २२८ | १९४ | - | ४२२ |
| ७०-७४ | २१६ | २०५ | - | ४२१ |
| ७५ भन्दा माथि | ३४३ | २६५ | - | ६०८ |
| **जम्मा** | **१०९३२** | **११३४५** | **२** | **२२२७९** |

श्रोत : घरधुरी सर्वेक्षण : २०७५

चित्र नं. २ उमेर समुह तथा लिङ्ग अनुसार जनसंख्या विवरण




| | ०-४ | ५– ९ | १०–१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ + |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | ८१० | ९९८ | ११४१ | १०९६ | १२०८ | १०४५ | ८५० | ७१३ | ५८८ | ५०३ | ४९५ | ३४९ | ३४९ | २२८ | २१६ | ३४३ |

### ३.४ मातृभाषाको आधारमा घरधुरी संख्याको विवरण

मातृभाषाका आधारमा हेर्दा मोलुङ गाउँपालिकामा नेपाली भाषा बोल्ने मानिसहरुको संख्या बढि रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको जम्मा घरधुरी संख्या मध्ये २५४८ घरधुरी (कूल घरधुरी संख्याको ६०.५६ प्रतिशत) ले नेपाली भाषा बोल्ने गरेको पाइएको छ । मातृभाषाका आधारमा गाउँपालिका भित्र रहेको घरधुरी संख्याको विवरणलाई तलको तालिका तथा डायग्राम मा देखाईएको छ ।


**तालिका नं. ३.५ मातृभाषा अनुसार घरधुरी संख्याको विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ५७८ | ६९७ | १९५ | ३८१ | ३१९ | १०७ | १७७ | ९४ | **२५४८** | ६०.५६ |
| २ | तामाङ | ४५ | १५ | ४६ | ११३ | ७२ | ३०५ | ९९ | २० | **७१५** | १७ |
| ३ | राई | २० | १३५ | ३ | १ | १ | ० | ० | १९८ | **३५८** | ८.५ |
| ४ | मगर | १ | ४ | ३ | ५ | १५ | ११ | १५ | ७ | **६१** | १.४५ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | नेवारी | १ | १० | ० | ० | ० | ० | ० | ० | **११** | ०.२६ |
| ६ | गुरुङ | ० | ० | ० | ० | ० | ० | ० | १० | **१०** | ०.२३ |
| ७ | लिम्बु | ० | ३ | ० | ० | ० | ० | ० | ० | **३** | ०.०७ |
| ८ | अन्य | ० | ६ | ५६ | ० | २१ | ११७ | १७८ | १२४ | **५०२** | ११.९३ |
| | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोत:घरधुरी सर्वेक्षण:२०७५

**चित्र नं. ३ मातृभाषा अनुसार घरधुरी संख्याको विवरण**




## ३.५ धर्म अनुसार घरधुरी संख्याको विवरण


यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको मुख्य धर्म हिन्दु रहेको छ । यहाँ वस्ने कुल घरधुरी मध्ये ६१.७४ प्रतिशत भन्दा बढि बासिन्दाहरुले हिन्दु धर्म मान्ने गरेको पाइन्छ । धर्मका आधारमा यहाँको घरधुरी संख्याको अवस्थालाई तलको तालीका तथा डायग्राम मा दिइएको छ ।

**तालिका नं.३.६ मुख्य धर्म**

| क्र.सं. | धर्म | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हिन्दु | ५९० | ६९५ | २२० | ३८२ | ३३५ | १०६ | २२२ | ४८ | **२५९८** | ६१.७४ |
| २ | बौद्ध | ३७ | १७ | ४६ | ११७ | ७५ | ४३० | २४५ | २०७ | **११७४** | २७.९० |
| ३ | किराँत | ११ | १४१ | १८ | १ | १२ | १ | २ | १९८ | **३८४** | ९.१२ |
| ४ | क्रिस्चियन | ७ | १७ | १९ | ० | ६ | २ | ० | ० | **५१** | १.२१ |
| ५ | इस्लाम | ० | ० | ० | ० | ० | १ | ० | ० | **१** | ०.०२ |
| | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोत :घरधुरी सर्वेक्षण:२०७५

**चित्र नं. ४ धर्म अनुसार घरधुरी संख्याको विवरण**




## ३.६ जातिगत आधारमा घरधुरी संख्याको विवरण

यस गाउँपालिकामा रहेका कुल घरधुरी संख्याको जातिय बनावट हेर्दा बहु-सम्प्रदायीक जातजातिहरू पाउन सकिन्छ । खासगरी मंगोलियन र आर्य सम्प्रदायहरू अन्तर्गतका विभिन्न जातजातिहरू विगतदेखि नै बसोवास गर्दै आएका छन् । मंगोलियन सम्प्रदायहरूमा तामाङ्ग, मगर, गुरूङ्ग, आदि मुख्य रहेका छन् । अर्को प्रमुख सम्प्रदायमा तहगत हिन्दु जाती समुह रहेको छ । यस गाउँपालिकामा रहेका जातजातिहरू मध्य ब्राहमण क्षेत्री र तामाङ्गहरूको बाहुल्यता धेरै रहेको छ । यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको जातिगत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं.३.७ जातिगत आधारमा घरधुरी संख्या विवरण**

| क्र.सं. | जातजाती | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्राम्हण | २६१ | २४२ | ६३ | १४० | १३५ | ४ | ९ | ० | **८५४** | २०.३ |
| २ | क्षेत्री | १७० | १९० | ६१ | ७३ | ६७ | ६१ | १०८ | १४ | **७४४** | १७.७ |
| ३ | तामाङ्ग | ४५ | १५ | ४५ | ११७ | ७७ | ३०५ | ९८ | २१ | **७२३** | १७.२ |
| ४ | शेर्पा | ० | ३ | ० | ० | ० | १२० | १४१ | १८५ | **४४९** | १०.७ |
| ५ | राई | २९ | १४३ | ३ | १५ | १ | ० | ० | १९८ | **३८९** | ९.२४ |
| ६ | बि.क. | ४८ | ६० | ३ | ३६ | ३७ | २९ | १७ | १२ | **२४२** | ५.७५ |
| ७ | सुनुवार | | ५ | ९५ | १६ | ३१ | ६ | ५० | ० | **२०३** | ४.८२ |
| ८ | दमाई | ४ | ७७ | १ | ६२ | २८ | १ | ९ | ० | **१८२** | ४.३३ |
| ९ | भुजेल | ३८ | ४३ | १४ | ७ | १० | ० | ० | ० | **११२** | २.६६ |
| १० | सार्की | ० | ८३ | ० | ० | २५ | ० | ० | ० | **१०८** | २.५७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | मगर | २ | ८ | ३ | ३० | १६ | १२ | १६ | १२ | **९९** | **२.३५** |
| १२ | नेवार | १८ | १३ | ० | ० | ० | ० | २० | ० | **५१** | **१.२१** |
| १३ | योगी/गिरी/सन्यासी/ भारती/बन | २७ | ० | ० | ० | ० | ० | ० | ० | **२७** | **०.६४** |
| १४ | गुरुङ्ग | ० | ० | १ | ४ | १ | ० | ० | ११ | **१७** | **०.४** |
| १५ | नेपाली | ३ | ० | १ | ० | ० | २ | १ | ० | **७** | **०.१७** |
| १६ | दनुवार | ० | ० | १ | ० | ० | ० | ० | ० | **१** | **०.०२** |
| | **जम्मा** | **६४५** | **८८२** | **२९१** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** | **१००** |

श्रोतः घरधुरी सर्वेक्षणः २०७५

### ३.७ उत्तरदाताको घरमुलीसँगको नाता सम्वन्धी विवरण

यस मोलुङ गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार यस क्षेत्रको उत्तरदाताको

| क्र. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

घरमुलीसँगको नातासम्बन्धी विवरणलाई देखाईएको छ ।

**तालिका नं.३.७.१ उत्तरदाताको घरमुलीसँगको नाता**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | त |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | परिवारमुली | १९२ | ४४८ | १७२ | २०२ | १८० | ३१७ | ४२७ | ३९५ | २३३३ | ५५.४४ |
| २ | श्रीमान/श्रीमती | १८४ | १५७ | ८१ | १८४ | ८५ | १५६ | १४ | ३७ | ८९८ | २१.३४ |
| ३ | छोरा/छोरी | ९९ | ८० | २७ | ३५ | ३४ | ३० | १८ | १९ | ३४२ | ८.१३ |
| ४ | साला/जेठाजु/ज्वाँई/भिनाजू/साली/जेठी सासु/बुहारी/ भाउजु /नन्द/आमाजु/ देवर/देउरानी | १३५ | ७१ | १२ | ४१ | ४५ | १५ | ५ | २ | ३२६ | ७.७५ |
| ५ | बुबा/आमा | १६ | २३ | ३ | १८ | ३४ | ८ | १ | ० | १०३ | २.४५ |
| ६ | दाजु/भाई/दिदि/बहिनी | १८ | ५५ | ७ | १३ | ३६ | ७ | १ | ० | १३७ | ३.२६ |
| [illegible] | भतिजा/भतिजी/भान्जा/ [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible]३ |
| ८ | नाती/नातिनी | १ | ६ | ० | २ | ० | ० | ० | ० | ९ | ०.२१ |
| ९ | अन्य नाता नपर्ने | ० | २ | ० | ३ | १ | २ | ० | ० | ८ | ०.१९ |
| १० | घरेलु कामदार | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ०.०२ |
| ११ | काका/काकी | ० | २ | ० | ० | १० | ४ | ० | ० | १६ | ०.३८ |
| | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोत : घरधुरी सर्वेक्षण २०७५

### ३.८ अपाङ्गताको आधारमा जनसंख्या विवरण

अपाङ्गता सम्बन्धी अवस्था पहिचानको लागि शारिरीक, दृष्टि बिहिन /कम दृष्टि भएका, बहिरा/ कम सुन्ने, बोल्न गाह्रो भएका, मानसिक अपांग, बौद्धिक रुपमा असक्त, बिविध अपांगता भएका पर्दछन । घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिवी, अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, वालश्रमको बोझ, मानसिक असन्तुलन आदिका कारण वालवालिकाहरु सानो छँदा मात्र होइन ठुलो भए पछि पनि उनीहरुको मनोविज्ञानमा गहिरो असर परेको हुन्छ । यसै सन्दर्भ हाम्रो देश लगाएत क्षेत्र, जिल्ला र स्थानिय स्तरमा वसेका अधिकांश वालवालिकाहरु गरिवी, विपन्नता र अभावका विचमा बाँचिरहेका छन् । उल्लेखित सुचकहरुको आधारमा हेर्दा मोलुङ गाउँपालिकामा रहेका जम्मा जनसंख्या मध्ये ३७० जना अपाङ्गता भएका मानिसहरु रहेको सर्वेक्षणले देखाउँछ  जसमा  शारिरिक अपाङ्ग भएका व्यक्तिको जनसंख्या २२२ रहेको देखिन्छ । त्यसैगरी दृष्टि विहिन भएका व्यक्तिको जनसंख्या ५४ रहेको देखिन्छ । तलको तालिकामा अपाङ्गता सम्बन्धी जनसंख्याको विवरणलाई बिस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं.३.९ वडागत रुपमा अपाङ्गता जनसंख्या सम्वन्धी विवरण**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **शारीरिक अपाङ्ग भएका व्यक्ति** | | | | | | | | | |
| | **महिला** | २१ | २२ | ५ | २१ | ११ | ६ | १२ | १० | १०८ |
| **क.सं.** | **विवरण** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **जम्मा** |
| १ | **दृष्टिविहिन र न्युन दृष्टिविहिन भएका व्यक्ति** / **रातो कार्ड** | | | | ९ | ४ | ७ | ५ | ७ | ५८ |
| २ | **निलो कार्ड महिला** | ३ ४ | ९ १ ३ | १ | ७ ५ | ३ ५ | १ १ | ४ ३ | ९ १० | ३७ ५१ |
| ३ | **पहेलो कार्ड पुरुष** | ११ | ३ १ | २ १ | ६ ३ | २ १ | २ | ० ७ १ | ६ १७ | २० |
| ४ | **मानसिक अवस्थिति/बौद्धिक अपाङ्ग भएका व्यक्ति** / **सेतो कार्ड** | | | | २ | २ | २ | | ४ | १६ |
| | **जम्मा महिला** | ५ ३२ | ३ २० | २ १० | ४ १९ | ६ १२ | ४ १० | ३ १५ | ६ २७ | ३३ १४५ |
| | **पुरुष** | १३ | ७ | १ | २ | ७ | ३ | ० | २ | ३५ |
| ४ | **अन्य** | | | | | | | | | |
| | **महिला** | ० | १० | ३ | ३ | ७ | १ | १ | ० | २५ |
| | **पुरुष** | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| | | | | | | | | | | |
| | **जम्मा** | **६२** | **७८** | **२४** | **६२** | **४९** | **२७** | **३०** | **३८** | **३७०** |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

**तालिका नं.३.११ वडागत रुपमा अपाङ्गता कार्ड पाउने जनसंख्या सम्वन्धी विवरण**

श्रोतः घरधुरी सर्वेक्षण २०७५

# परिच्छेद चारः आर्थिक अवस्था

## ४.१ प्रमुख आर्थिक विवरण

आर्थिक विकासले सामाजिक सांस्कृतिक परिवर्तनको सवालमा कायपलटरुपी भुमिका खेल्दछ । आर्थिक हैसियतले सामाजिक परिवर्तनको गति र दिशालाई पथप्रर्दशन गर्दछ । राम्रो र मजवुद आर्थिक अवस्था भएको समाजमा नयाँनयाँ परिवर्तनरुपी क्रियाकलापलाई सजिलै आत्मसाथ गर्न सकिन्छ । अन्य विकासको तुलनामा आर्थिक विकास नेत्तृत्वदायि विकास हो प्रत्येक सामाजिक प्राणी मानवको संवेदशील मानसपटलमा आर्थिक तत्वले घच्घचाई रहेको हुन्छ । वास्तवमा सामाजिक कियाकलापको केन्द्रबिन्दु नै आर्थिक विकास हो । आर्थिक हैसियतकै आधारमा सामाजिक व्यबहार, मुल्यमान्यता, क्रियाकलाप, सम्बन्धको दायरा तथा अन्य अवस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रुपले सम्पन्न हुन्छ तव शिक्षा, स्वास्थ्य, संचार, पोषण लगायतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ । परिणाम स्वरुप समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र मान्यताको विकास हुन्छ । नयाँ मान्यता र व्यवहारलाई आत्मसात गर्न समाजका मानिसहरु घनिभुत भएर लाग्छन जसले गर्दा सामाजिक परिवर्तनको गति तिब्र बन्दै जान्छ । यसरी आर्थिक विकासले सामाजिक परिवर्तनमा प्रमुख स्थान ओगटेको छ । यसै अनुरुप यस क्षेत्रको आर्थिक विकासका सिमा तथा स्रोतहरुको विवरणलाई तल प्रस्तुत गरिएको छ ।

### ४.१.१मुख्य पेशा सम्बन्धी विवरण

आर्थिक विकास सरकारको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ । रोजगारीको अवस्था, उद्योगधन्दाको पूर्ण विकास तथा व्यावसायिक खेती प्रणालीको प्रबर्द्धनबाट आर्थिक विकास हुन सक्ने मानिन्छ । यस गाउँपालिकामा उद्योगधन्दाको अवस्था निकै कम मात्रामा रहेको छ । ठुला र रोजगारमुलक उद्योगधन्दाको अभाव रहेकाले यस गाउँपालिकाका अधिकांश मानिसहरु कृषि पेशामा आधारीत छन् । यसैगरी आधारभुत सर्वेक्षणको अध्ययन अनुसार कृषि तथा पशुपालनमा ६८.८ प्रतिशत जनसंख्या संलग्न रहेको देखिन्छ । त्यसैगरि नोकरीमा ७.८

प्रतिशत, व्यापार व्यवसायमा लाग्नेहरुको संख्या लगभग ३ प्रतिशत रहेको देखिन्छ । मोलुङ गाउँपालिकामा विभिन्न पेशामा संलग्न जनसंख्यालाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.४.१.१ पेशागत जनसंख्या सम्वन्धी विवरण**

श्रोत: घरधुरी सर्वेक्षण २०७५

### ४.१.२ औषत आम्दानी विवरण

मोलुङ गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण २०७५ अनुसार यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरुको मासिक आम्दानीको अवस्थालाई हेर्दा औषत रु ५००० भन्दा  कम आम्दानी गर्ने घरधुरी संख्या २०५९ रहेको देखिन्छ भने ५००० देखि १०००० सम्म आम्दानी गर्ने को घरधुरी संख्या ९१२ रहेको छ । त्यसैगरी १०००० देखी १५००० आम्दानी गर्ने घरधुरी संख्या ३६९  रहेको छ  । यसै अनुसार १५००० देखी २०००० सम्म आम्दानी गर्ने घरधुरी संख्या २७५ रहेको छ । व्यापार व्यवसायको कमी, खेतिको असमान वितरण, चेतना र प्राविधिक ज्ञानको कमी आदि कारणले गर्दा यस नपाका बासिन्दाको मासिक आय स्तर त्यति राम्रो भएको पाइदैन । आय कम भएका कारण नै मानिसहरुले अत्यावश्यक वस्तुहरुमा पनि कटौती गर्ने हुनाले यसका लागि शिपमुलक तालिम, शिक्षाको प्रचुरतम प्रचारप्रसार तथा आय आर्जनका बैकल्पिक उपायको खोजी गर्न पनि त्यत्तिकै आवश्यक देखिन्छ । तलको तालिकामा मोलुङ गाउँपालिकाको औषत मासिक पारिवारिक आम्दानी सम्वन्धी विवरणलाई देखाइएको छ ।

**४.१.२ औषत मासिक पारिवारिक आम्दानी सम्वन्धी विवरण**

| क्र.सं. | औषत मासिक पारिवारिक आम्दानी | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५००० भन्दा कम | ३२६ | १८२ | २३७ | २३८ | २०५ | २२३ | २८४ | ३६४ | २०५९ | ४८.९ |
| २ | ५००० देखी १०००० सम्म | १४९ | २२४ | ४१ | ६२ | ७६ | २१२ | ९१ | ५७ | ९१२ | २१.७ |
| ३ | १०००० देखी १५००० सम्म | ७७ | ११८ | ११ | ४२ | २८ | ५७ | २५ | ११ | ३६९ | ८.८ |
| ४ | १५००० देखी २०००० सम्म | २८ | ११५ | १ | २३ | ३५ | ३१ | २७ | १५ | २७५ | ६.५ |
| ५ | [illegible]0000 देखी [illegible]0000 सम्म | १३ | १०२ | [illegible] | [illegible] | ३७ | १० | १४ | २ | [illegible] | [illegible] |
| ६ | ३0000 देखी ३५000 सम्म | ६ | ४५ | [illegible] | [illegible] | १२ | ३ | ५ | २ | [illegible] | [illegible] |
| ७ | ३५000 देखी ४0000 | ८ | ४१ | १ | १८ | ११ | २ | ८ | १ | ९० | २.१ |
| ८ | ४0000 भन्दा माथी | ३८ | ४३ | ५ | ४३ | २४ | २ | १५ | १ | १७१ | ४.१ |
| | जम्मा | ६४५ | ८७० | ३०३ | [illegible] | ४२८ | ५४० | ४६९ | ४५३ | [illegible] | १०० |

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि | [illegible] | ११९४ | ४३८ | ६९४ | ८८८ | १२६० | १२८७ | २०२६ | १०३१४ | ६७.५ |
| २ | व्यापार | [illegible] | १५३ | ५१ | ६९ | [illegible] | ५० | ३९ | ८ | [illegible] | [illegible] |
| ३ | नोकरी | २५३ | ३१६ | १२५ | १७६ | १५५ | ६८ | ८२ | २१ | ११९६ | ७.८ |
| ४ | ज्यामी (सिपयुक्त) | १ | १८ | ७५ | ७३ | ३९ | ९२ | ३ | ६ | ३०७ | २.० |
| ५ | बैदेशिक रोजगार | ९८ | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | ४.३ |
| ६ | ज्यामी | २ | ३८१ | ३२ | १७७ | १५७ | ८२ | ९४ | ११ | ९३६ | ६.१ |
| ७ | पशुपालन | १ | २४ | ९७ | १३ | १ | ५ | ४३ | ७ | १९१ | १.३ |
| ८ | अन्य | १ | ५२५ | ५८ | ११७ | १७० | २०६ | ११४ | २६ | १२१७ | ८.० |
| | **जम्मा** | **२९४१** | **२७८२** | **९३७** | **१४१५** | **१५१८** | **१८६०** | **१७२४** | **२१३५** | **१५२७६** | **१००.०** |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

### ४.१.४ औषत बचत विवरण

यस गाउँपालिकाका अधिकांश परिवारको बचतको अवस्था प्राय शुन्य (४६.७ प्रतिशत) नै रहेको छ किनभने आफ्नो भू–स्वामित्व कम भएका घरधुरी संख्याको अवस्था उल्लेख्य रहेको र भू–स्वामित्व भएका घरधुरी संख्याहरूको पनि जग्गा जमिनको मात्रा ज्यादै कम भएको हुँदा वचत गर्न सक्ने अवस्था देखिदैन । यस गाँउपालिकामा वस्ने १४४ घरधुरीको बचत १०००० भन्दा माथि रहेको छ । तलको तालिकामा यस गाँउपालिकामा वसोवास गर्ने मानिसहरुको मासिक बचतको अवस्थालाई देखाईएको छ ।

**तालिका नं.४.१.५ औषत मासिक पारिवारिक बचत सम्वन्धी विवरण**

| क.सं. | औषत मासिक पारिवारिक बचत | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शुन्य | २६२ | ३६८ | २५५ | १९९ | २७७ | २९४ | १६६ | १४४ | १९६५ | ४६.७ |
| २ | ५०० देखी १००० सम्म | ३४१ | २१४ | ३९ | ९२ | ३० | १८६ | २०१ | २६४ | १३६७ | ३२.५ |
| ३ | १००१ देखी २००० सम्म | २० | १०७ | ६ | ४२ | ३० | २८ | ३३ | २६ | २९२ | ६.९ |
| ४ | २००१ देखी ३००० सम्म | ५ | ५९ | १ | २२ | १९ | १४ | २८ | १४ | १६२ | ३.८ |
| ५ | ३००१ देखी ५००० सम्म | ५ | ४४ | १ | ३८ | २६ | ८ | ११ | ३ | १३६ | ३.२ |
| ६ | ५००१ देखी १०००० सम्म | ७ | ४२ | ० | ४९ | २४ | ७ | १३ |  | १४२ | ३.४ |
| ७ | १०००१ भन्दामाथी | ५ | ३६ | १ | ५८ | २२ | ३ | १७ | २ | १४४ | ३.४ |
|  | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

### ४.१.६ खाद्यान्न सुरक्षाको अवस्था

यस गाउँपालिकाका अत्याधिक मानिसहरुको मुख्य पेशा कृषि नै हो भन्ने कुरा माथि नै चर्चा गरिएको छ । कृषि पेशा भन्नाले जमिनमा खेतीपाती गर्ने वा पशुपालन व्यवसाय गर्ने कुनै एक वा दुवै क्षेत्रहरु पर्दछन् । खाद्यान्न उपलब्धताको स्थितिलाई हेर्दा यस गाउँपालिका भित्र बाह्रै महिना खान पुग्ने र बचत सम्म हुने घरधुरी संख्या ३७ रहेको छ । कुल घरधुरी संख्या मध्ये ५२८ घरधुरी लाई आफ्नो उत्पादनले ९ देखि १२ महिना सम्म खान पुग्दछ भने ४६६ घरधुरी लाई आफ्नो उत्पादनले ६ देखी ९ महिना खान पुग्दछ। त्यस्तै गरी १६८९ घरधुरी लाई ३ देखी ६ महिना भन्दा खान पुग्दछ। १४५१ घरधुरी लाई ३ महिना भन्दा कम खान पुग्ने देखिन्छ भने आफ्नो उत्पादन नै नगर्ने घरधुरी संख्या ३७ रहेको छ । तलको तालिकामा यस सम्बन्धी विवरणलाई देखाइएको छ ।

**तालिका नं ४.१.६ खाद्यान्न अवस्था सम्बन्धी विवरण**

| क.सं. | उत्पादनको अवस्था | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३ महिना भन्दा कम | १२५ | ३१६ | ५७ | १८० | १६४ | २०२ | १२५ | २८२ | १४५१ | ३४.५ |
| २ | ३-६ महिना | २९८ | २८६ | ९२ | १५५ | १८७ | २८५ | २४० | १४६ | १६८९ | ४०.१ |
| ३ | ६-९ महिना | १०० | १०३ | ७५ | ५७ | ३८ | २३ | ५५ | १५ | ४६६ | ११.१ |
| ४ | ९-१२ महिना | १२० | १४८ | ७१ | ९३ | ३९ | १ | ४९ | ७ | ५२८ | १२.५ |
| ५ | आफ्नो उत्पादन खान पुगेर बेचबिखन गर्ने | २ | १२ | ७ | १५ | ० | ० | ० | १ | ३७ | ०.९ |
| ६ | आफ्नो कृषि उत्पादन छैन | ० | ५ | ० | ० | ० | २९ | ० | २ | ३७ | ०.९ |
| | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोत: घरधुरी सर्वेक्षण २०७५

## ४.२ आवास संरचना विवरण

यस गाउँपालिकाको कुल घरधुरी संख्या ४२०८ मध्ये १५५ घरधुरी कच्ची र झुप्रो छाना रहेको देखिन्छ भने यो संख्या कुल घरधुरी संख्याको ३.६ प्रतिशत हुन आउछ । यसैगरी यस गाउँपालिकामा ढुंगा, माटो र टिनको छानो, ढुंगाको छानो भएको घरधुरी संख्या ३७१६ रहेको छ र यो कुल घरधुरी संख्याको ८८.३ प्रतिशत हुन आउछ । तलको तालिकामा गाउँपालिकामा रहेका घरको प्रकार सम्बन्धी विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.२.१ घरको छानोको प्रकार सम्वन्धी विवरण**

| क.सं. | घरको छानोको प्रकार | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कच्ची र झुप्रो | २८ | २२ | १२ | ३१ | २७ | १० | ३ | २२ | १५५ | ३.६ |
| २ | ढुंगा, माटो र खरको छानो | ५२ | ० | ६ | १४ | ० | ३ | ४ | २१ | १०० | २.३ |
| ३ | ढुंगा, माटो र टिनको छानो, ढुंगाको छानो | ५६१ | ६६० | २५८ | ४५० | ३९८ | ५२० | ४६० | ४०९ | ३७१६ | ८८.३ |
| ४ | प्लाष्टर गरिएको टिनको छानो | २ | १२४ | १४ | ४ | १ | ५ | १ | १ | १५२ | ३.६ |
| ५ | इटा र ढलानको छानो | २ | ६४ | १२ | १ | २ | २ | १ | ० | ८४ | १.९ |
| ६ | ढलान (फेम स्ट्रक्चर) | ० | ० | १ | | ० | ० | ० | ० | १ | ०.०२ |
| | जम्मा | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोत: घरधुरी सर्वेक्षण २०७५

### ४.२.१ घरको स्वामित्व


यस गाउँपालिकामा बसोबास गर्ने ४२०८ घरधुरी मध्ये ४१३६ (९८.३ प्रतिशत) घरधुरी आफ्नै निजी घर रहेको देखिन्छ भने २९ (०.६९) घरधुरी बहालमा, ३९ (०.९३ प्रतिशत) घरधुरी अरु संग मिलेर बसेको र ४ ( ०.१ प्रतिशत) घरधुरी सुकुम्बासीको रुपमा बसोबास गर्दै आएको देखिन्छ । यस गाउँपालिका भित्र रहेका विभिन्न घरहरुको स्वामित्वको अवस्थालाई तलको तालिका र वृतचित्रमा देखाईएको छ ।

**तालिका नं. ४.२.२ घरको स्वामित्वको अवस्था सम्वन्धी विवरण**

| क्र.सं. | घरको स्वामित्वको अवस्था | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निजी/आफ्नै घर | ६४१ | ८६८ | २८८ | ४८३ | ४११ | ५४० | ४५९ | ४४६ | ४१३६ | ९८.३ |
| २ | बहालमा | ४ | २ | ९ | ३ | ० | ० | ६ | ५ | २९ | ०.६९ |
| ३ | अरु संग मिलेर बसेको | ० | ० | ६ | १२ | १५ | ० | ४ | २ | ३९ | ०.९३ |
| ४ | सुकुम्बासी | ० | ० | ० | २ | २ | ० | ० | ० | ४ | ०.१ |
| | जम्मा | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** | **१००** |

श्रोत: घरधुरी सर्वेक्षण २०७५

**चित्र नं : ५ घरको स्वामित्वको अवस्थासम्वन्धी विवरण**




### ४.२.३ अस्थाई वासस्थान सम्वन्धी विवरण

विनासकारी भुकम्पका कारण यस गाउँपालिकामा पनि स्थानिय जनमानसमा विभिन्न प्रकारका नकारात्मक प्रभाव परेका छ । भुकम्प पछि आम जन समुदायको दैनीकी सामान्य वन्न निकै कठिनाई परेको देखिन्छ । अस्थाई वासस्थानका कारण प्राय: सवै मानिसहरु विक्षिप्त मानसिकतामा दिन विताई रहेको पाईन्छ । तलको तालिकामा वडागत रुपमा भुकम्प पश्चात रहेको अस्थाई वासस्थान सम्वन्धी विवरण लाई देखाईएको छ ।

**तालिका नं. ४.२.४  भुकम्पको लाभग्राही सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | छ | ३४० | ६६३ | १७० | २४५ | ३३६ | ४३० | ३७८ | ३१५ | २८७७ |
| २ | छैन | २९३ | २०५ | १३२ | २५५ | ९२ | १०४ | ९० | १३७ | १३०८ |
| ३ | घर भत्किएको छैन | १२ | २ | १ | ० | ० | ६ | १ | १ | २३ |
| **जम्मा** | | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

## ४.३ वैदेशिक रोजगारी

रोजगारीको अवस्थाले कुनै पनि स्थानको आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुऱ्याउने गर्दछ। रोजगारीले मानिसहरुलाई सवल र सक्षम पनि बनाउने गर्दछ। यस्तो रोजगारी पनि स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ।

**तालिका नं.४.३.१. वैदेशिक मुलुक गएका जनसंख्या सम्वन्धी विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| खाडी मुलुक (कतार,कुवेत, बहराईन, दुबई, साउदी, ओमान, जोर्डन) | ५१ | ९३ | १७ | ४८ | ३२ | ४६ | ३३ | ९ | **३२९** |
| मलेशिया | ११ | २४ | १३ | २१ | १८ | ३७ | १६ | ८ | **१४८** |
| कोरिया/जापान | १२ | १३ | १५ | ११ | ११ | ४ | ४ | ५ | **७५** |
| भारत | १९ | २८ | १० | १२ | ३ | २ | १ | ० | **७५** |
| युरोपीयन मुलुक | ५ | ११ | ३ | ० | २ | २ | १ | ० | **२४** |
| जम्मा | **९८** | **१६९** | **५८** | **९२** | **६६** | **९१** | **५५** | **२२** | **६५१** |


श्रोतः घरधुरी सर्वेक्षण २०७५

**तालिका नं.४.३.२ रेमिट्यान्स सम्वन्धी विवरण**

| वडा नं. | संख्या |
|---|---|
| १ | २६७९४००० |
| २ | ७५६२०००० |
| ३ | ११०९४००० |
| ४ | २५४३०००० |
| ५ | १६६३०००० |
| ६ | ८२९६००० |
| ७ | १३५८३००८ |
| ८ | ५९६५००० |
| **जम्मा** | **१८३४१२००८** |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

## ४.५. वर्तमान भू उपयोग




वर्तमान भू–उपयोग सम्बन्धी विवरण हेर्दा मोलुङ गाउँपालिकाको जम्मा क्षेत्रफल ११२ वर्ग कि.मी रहेको छ । वन जंगलले ओगटेको क्षेत्र ४२.१५ वर्ग कि.मी छ भने घाँसे मैदान ६.१६ वर्ग कि.मी रहेको छ । त्यसैगरी झाडी क्षेत्र २.३ वर्ग कि.मी रहेको छ भने नदी/नाला बगर ढुंग्यान क्षेत्र १.७८वर्ग कि.मी रहेको छ । तलको तालिका तथा चार्टमा यस मोलुङ गाउँपालिको भू उपयोग सम्वन्धी विवरणलाई देखाइएको छ ।

**तालिका नं.४.५.१वर्तमान भू उपयोग सम्बन्धी विवरण**

| भू उपयोग सम्वन्धी विवरण (वर्ग कि.मी) | |
|---|---|
| कृषि क्षेत्र | ५९.५८ |
| वन क्षेत्र | ४२.१५ |
| घाँसे क्षेत्र | ६.१६ |
| झाडी क्षेत्र | २.३ |
| बाँझो क्षेत्र | ०.४ |
| अन्य (बगर तथा भीर क्षेत्र) | १.७८ |
| **जम्मा** | **११२** |

श्रोतः जि.आई.एस. नक्सांकन तथा मोलुङ गाउँपालिका २०७५

### ४.६ कृषि तथा पशु विकास

कृषि र पशुपालनलाई हामी ग्रामिण समुदायमा बस्ने धेरै मानिसहरुको जीवनको आधार मान्दछौ । कृषि र पशुपालन एकअर्कोमा अन्तर सम्बन्धित छन् । किनकि खेतीपातीका लागि ग्रामिण भेगमा गाईबस्तुको मल प्रयोग गरिन्छ । मल नभएमा उत्पादन नहुने भएकाले जग्गाजमिन धेरै भएका किसानहरुले बाध्य भएर पशुपालन पनि गरेको पाइन्छ । खेतीपातीवाट वस्तुलाई पराल पनि हुने हुँदा र गोरु राँगा बिना खेतीपाती असम्भब भएकाले ग्रामिण भेगमा धेरै मानिसहरुले कृषि तथा पशुपालनलाई मुख्य पेशा तथा व्यबसायको रुपमा अंगालेको पाइन्छ ।

**तालिका नं.४.६.१ वडागत रुपमा पशुपालन सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गाई/गोरु | | | | | | | | | |
| | स्थानिय | ६५१ | ७७१ | ३९३ | ४८३ | ४६८ | ५६२ | १२३० | ७७० | ५३२८ |
| | उन्नत | १४ | १० | १० | १५ | ४ | १८ | ६ | ० | ७७ |
| २ | भैंसी/राँगा | | | | | | | | | |
| | स्थानिय | ५२६ | ५९९ | ३३५ | ६७५ | ४०७ | ८४० | ६३९ | ५५२ | ४५७३ |
| | उन्नत | ३ | २ | ४ | १० | १ | २० | ५ | ० | ४५ |
| ३ | बोका/खसी | | | | | | | | | |
| | स्थानिय | २१६३ | १६१५ | ७१९ | ८५७ | ११९६ | ६५१ | ७७९ | २२१ | ८२०१ |
| | उन्नत | ३९ | ३५ | १९ | ४५ | १८ | ४८ | १० | ४ | २१८ |
| ४ | भैंडा/च्याँङ्ग्रा | | | | | | | | | |
| | स्थानिय | २३ | ८ | ० | ० | ० | ११ | १७ | १६ | ७५ |
| | उन्नत | ० | ० | ० | ० | ० | ८ | ० | ० | ८ |
| ५ | सुगुंर/बुंगुर | | | | | | | | | |
| | स्थानिय | ३८ | २३६ | २८ | २६४ | ६३ | २२ | १३ | २१६ | ८८० |
| | उन्नत | १ | ४ | ० | ० | २७ | ४ | ० | २८ | ६४ |
| ६ | घोडा/खच्चर | | | | | | | | | |
| | स्थानिय | ० | ० | ० | ० | ० | १३ | ८ | १ | २२ |
| | उन्नत | ० | ० | ५ | ० | ० | ० | २ | ० | ७ |
| ७ | कुखुरा/हाँस | | | | | | | | | |
| | स्थानिय | २१११ | १८४९ | ३३२ | ११८० | ८५७ | ८८० | ८५४ | १७३६ | ९७९९ |
| | उन्नत | २० | २५७३ | ७५१ | ५३० | ३३५३ | १७९ | ३६ | २४० | ७६८२ |
| ८ | अन्य | | | | | | | | | |
| | स्थानिय | ० | ७०५ | ० | ११ | २ | ० | २४ | ० | ७४२ |
| | उन्नत | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

**तलिका नं.४.६ .२ वडागत रुपमा जग्गा जमिन सम्वन्धी विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| जग्गा नै नभएको | १३ | २० | ७ | ३१ | ८ | ३ | ५ | १७ | १०४ |
| २ रोपनी सम्म | १०० | २७१ | ४१ | १४५ | ११४ | ५६ | ७२ | १०३ | ९०२ |
| २ देखी ५रोपनी सम्म | २२० | १९३ | ९९ | २१५ | १४७ | ११६ | १२२ | १८२ | १२९४ |
| ६ देखी १० रोपनी सम्म | १७६ | २१७ | ८५ | ७० | ६४ | १४७ | १०३ | ९१ | ९५३ |
| ११ देखी २० रोपनी सम्म | ११७ | १३२ | ४९ | ३६ | ६६ | ९५ | ५१ | २५ | ५७१ |
| २० रोपनी भन्दा माथी | १९ | ३७ | २२ | ३ | २९ | १२३ | ११६ | ३५ | ३८४ |
| जम्मा | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

**तालिका नं.४.६.३ वडागत रुपमा लालपुर्जा सम्वन्धी विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| छ | ५९४ | ७३८ | २८७ | ४२१ | ३८१ | ४७७ | ४३९ | ३६९ | ३७०६ |
| छैन | ५१ | १३२ | १६ | ७९ | ४७ | ६३ | ३० | ८४ | ५०२ |
| **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

**तालिका नं.४.६.४ वडागत रुपमा जग्गाको स्वामित्व सम्वन्धी विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| मोहियानी | | १ | ७ | | १ | | | १ | १० |
| गुठी | १ | | | ६९ | | २ | | ५१ | १२३ |
| अन्य | ५० | १३१ | ९ | १० | ४६ | ६१ | ७० | ३२ | ४०९ |
| **जम्मा** | ५१ | १३२ | १६ | ७९ | ४७ | ६३ | ७० | ८४ | ५४२ |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

## ४.७. सिंचाइ सुविधाको उपलब्धता विवरण

यस गाउँपालिकाका प्राय वडाहरुमा व्यवस्थित तथा आधुनिक सिंचाई पुर्वाधारको सुविधा रहेको देखिदैन र हालसम्म पनि यहाँ वसोवास गर्ने वासिन्दाहरुले परम्परागत रुपमा नै पुराना राजकूलो, खोला, कुलो तथा कुलेसा हरुको सहायता वाट सिंचाई गरेको देखिन्छ। यस क्षेत्रमा वढ्दो जनसंख्या सँगै कृषियोग्य जमिन मासिदै गएको अवस्थामा कृषियोग्य जमिनलाई वचाइ राखी व्यवस्थित सिंचाईको प्रक्रियालाई अवलम्वन गरी भएका सिंचाइका स्रोतवाट आधुनिक सिचाई प्रणाली अपनाउनु पर्ने आवश्यकता रहेको छ। गाउँपालिकामा रहेका सिंचाईका श्रोतहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.४.७.१ सिचाइको स्रोत सम्वन्धी विवरण**

| क.सं. | सिचाईको स्रोत | वडा नं. | क.सं. | सिचाईको स्रोत | वडा नं. |
|---|---|---|---|---|---|
| १ | लिपे खोला | १ | १२ | मोलुङ खोला | ५ |
| २ | झगपुर खोला | १ | १३ | खोला खर्क सिचाई | ६ |
| ३ | धोवी खोला | १ | १४ | | |
| ४ | झगरपुर खोला | २ | १५ | | |
| ५ | पोक्तिङ खोला बाट रामपुरटार सिँचाई योजना | २ | १६ | | |
| ६ | खात्ले खोला सिंचाई कुलो | ३ | १७ | | |
| ७ | सिम्ले भुमेस्थान सिंचाई कुलो | ३ | १८ | | |
| ८ | गडी भुलभुले सेप्ली ढाडे कुलो | ३ | १९ | | |
| ९ | बेलीचमेली सिचाई कुलो २ वटा | ४ | २० | | |
| १० | कुलखोला हर्कपुर सिचाई कुलो | ४ | २१ | | |
| ११ | तेस्रोभिर सिचाई कुला | ४ | २२ | | |

श्रोतः वडा कार्यालय

## ४.८ कृषि उत्पादन सम्बन्धी विवरण

यस गाउँपालिकाको भौगोलिक धरातलीय स्वरुप अनुसार स्थान विशेष विभिन्न प्रकारको माटो पाईन्छ तथापि अधिकांश भूभागमा चिम्ट्याइलो दोमट माटोको वाहुल्यता रहेकोले धान, मकै, गहुँ, आलु, भटमास, केरा, मेवा, कोदो, दलहन, गहत, मस्याङ, मास, रहर, वर्षे फलफूल, आँप आदि वालीहरु उत्पादन गरिन्छ । यस गाउँपालिकाका कृषि क्षेत्रको लागि अत्यन्तै उपयुक्त क्षेत्र मानिन्छ । यस गाउँपालिकामा लगाईने मुख्य वालीहरुमा धान, गँहु, मकै, तरकारी वाली, तेलहन, नगदे तथा दलहन वाली पर्दछन । यहाँ खाद्यान्नवाली अन्तरगत धान, गँहु तथा मकै जस्ता वालीहरु कुल कृषि योग्य क्षेत्रको करीब ७५ प्रतिशत जमिनमा लगाउने गरिएको छ भने तोरी, सूर्यमुखी जस्ता तेलहन वालीहरु १५ प्रतिशत जमिनमा लगाएको देखिन्छ । यसैगरी तरकारी वाली अर्न्तगत काउली, प्याज, आलु जस्ता खेतीहरु सिजन अनुसारको हुने हुँदा यसलाई पनि लगाएको देखिन्छ भने मास, मसुरो जस्ता दलहन वाली पनि लगाउने गरिएको छ । बिशेष गरि यस गाउँपालिकामा लगाईने प्रचलित उन्नत जातहरुको वालीको बिवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४.८.१ गाउँपालिकामा प्रचलित बालीका उन्नत जातहरु**

| क्र.सं. | वालीको नाम | प्रचलित जात |
|---|---|---|
| १. | धान | सुनौलो सुगन्धा, रामधान, साबित्री, स्थानीय मन्सुली, राधा ७, राधा ११, राधा १२, बर्मेली, गोला, बातीसरा, खोले जर्नेली, पाखे जर्नेली, स्थानीय पहेंले, गोरखनाथ, लोकनाथ,खुमल, चैते २, चैते ४, हर्दिनाथ १ |
| २. | मकै | मनकाना १, मनकामना ३, खुमल पहेलो, रामपुर कम्पोजिट, अरुण १, अरुण २, हेटौडा कम्पोजिट, गणेस (हाइब्रीड) , गौरव, देउती, सितला, पोसिलो, मनकामना १, अरुण १,२ |

स्रोत : कृषि विकास कार्यालय तथा स्थलगत सर्वेक्षण २०७५

## ४.९ पशुपन्छीजन्य उत्पादन सम्बन्धी विवरण

पशुपालन यस गाउँपालिकाका ग्रामणि क्षेत्रका मानिसहरुको मुख्य पेशा हो । आफुलाई चाहिने दुध उपभोग गरी बाँकी रहेको दुध विभिन्न डेरीहरुमा विक्री गरी आय आर्जनको राम्रो श्रोत बनेको छ साथै बालिमा लगाउने मलको आपूर्तीमा पनि यसले मद्दत पुऱ्याएको छ । वन जंगलको कमी, सुख्खा हावापानी, सिंचाईको असुविधा, चरन क्षेत्र एवं घाँसपातको कमी आदि विविध कारणले गर्दा पशुपालन व्यवसायमा पछि परेको देखिन्छ । यस गाउँपालिकाका कृषकलाई विभिन्न सेवा उपलब्ध गराउदै आइरहेको छ । यस गाउँपालिकामा मुख्यगरी पालन हुने पशुहरु यस प्रकार छन् ।

**गाई :** कृत्रिम गर्भाधान तथा उन्नत साढेको प्रयोगले स्थानीय गाईहरुमा क्रस ब्रिडिङ भइ स्थानीय गाईहरुको संख्या घटेपनी उन्नत जातको संख्या भने बढ्दो छ ।

**भैसी :** गाईको तुलनामा भैसीको व्यवस्थापन गर्न कठिनाई हुने भएकोले भैसी पालनको क्रम घट्दो देखिन्छ साथै शहरन्नोमुख गाउँहरुमा जग्गा जमिनहरु घडेरीको रुपमा विकास भइरहेकोले पशुको संख्यामा वृद्धि हुन सकेको छैन ।

**बाखा :** मासुको लागि खसी बोका उत्पादन भइरहेका कारण बाखा पालनमा कृषकको आकर्षण देखिन्छ । साथै यस गाँउपालिकामा चरन भएकोले बाखा पालनको लागि सुहाउँदो छ ।

**बंगुर** : यस क्षेत्रमा खेर गइरहेका खाद्य वस्तुहरुको सदुपयोग हुने, सानो क्षेत्रमा पनी पाल्न सकिने, शारिरीक तौल छिटो वृद्धि हुने भएकोले बंगुर पालन गर्ने किसानको संख्या धेरै छ ।

**कुखुरा** : मासु खानको लागि कुखुराको बजार माग बढिरहेको हुदा यहाँका बसिन्दाहरु पनि कुखुरापालन तर्फ आर्कषक बनेको पाइन्छ । यी बाहेक यस गाँउपालिकामा हाँस, खरायो, आदि पनि पालन गरिन्छ ।

### तालिका नं.४.६.३ कृषक समुह सम्बन्धी विवरण

| क्र.सं. | केन्द्र, उपकेन्द्र,कषक समुह | वडा नं. | क्र.सं. | केन्द्र, उपकेन्द्र,कषक समुह | वडा नं. |
|---|---|---|---|---|---|
| १ | एकता घर बगैचा कृषि समुह | १ | १२ | देवीटार कृषि समुह | ३ |
| २ | मिलन चोक महिला वृद्धि समुह | १ | १३ | भुमेदेवी व्यबशायीक भैसी पालन समुह | ३ |
| ३ | रामपुर कृषि सेवा केन्द्र | २ | १४ | खाध्यान्न बाली कृषि समुह | ३ |
| ४ | सामुदायीक विउ वैंक समुह | २ | १५ | लगनशिल घर बगैचा कृषि समुह | ३ |
| ५ | सिद्धिकालिका कृषि समुह | २ | | | |
| ६ | उद्यमशिल कृषक समुह | २ | | | |
| ७ | मिलनसार मिश्रित कृषक समुह | २ | | | |
| ८ | गहते बसेरी कृषक समुह | २ | | | |
| ९ | रामपुर कृषक समुह | २ | | | |
| १० | लामीडाँडा कृषक समुह | २ | | | |
| ११ | रामपुर एग्रो फर्म प्रा.लि | २ | | | |

**तालिका नं. ४.६.४ पशु सेवा केन्द्र, उपकेन्द्र,सम्वन्धी विवरण**

| क्र.सं. | सेवा केन्द्र, उपकेन्द्र, | भवनको प्रकृती | | वडा नं. |
|---|---|---|---|---|
| 1 | रामपुर पशु सेवा केन्द्र | भाडामा | कच्ची | २ |
| 2 | भुमेदेवी भैंसी पालन समुह | | पक्की | ३ |

## ४.७ पर्यटन विकास



नेपाल प्राकृतिक, सांस्कृतिक एवं जैविक पर्यटकीय सम्पदाको धनी भएर पनि विश्व पर्यटन बजारमा आवश्यक पहुँच र प्रचार प्रसारको कमीले सोचे अनुरूप पर्यटकहरूको संख्यामा वृद्धि र पर्यटन गतिविधिलाई विकास गरी यसबाट अपेक्षित लाभ लिन नसकेको अवस्था छ । नेपालमा पर्यटन विकासका प्रमुख आधार भनेका यहाँका प्राकृतिक एवं सांस्कृतिक सम्पदाहरू हुन । उत्कृष्ट परम्परागत मान्यता एवं चालचलनका कारण प्राचीन आर्य सभ्यता र हिमाली संस्कृतिको समेत धनी रहेको नेपाली जनजीवन साँच्चै अनौठो र रोचकपूर्ण रहेको छ भने तिनीहरूको आस्थाका केन्द्र मठमन्दिर, गुम्बा र स्मारकहरू पर्यटकका लागि थप आकर्षणका केन्द्रका रूपमा रहेका छन् । बुद्धको जन्मस्थल लुम्बिनी, हिन्दूहरूका आराद्यदेव पशुपतिनाथ, मुक्तिनाथ, दामोदरकुण्ड, गोसाइकुण्ड, स्वर्गद्वारी, जनकपुरधाम, खप्तड आश्रम, वराहक्षेत्र लगायतका स्थानहरूले नेपालमा धार्मिक पर्यटनको बलियो संभावना देखाएका छन् । सन् २०१२ मा नेपाल भित्रिने कुल पर्यटकमा १३.७ प्रतिशत धार्मिक पर्यटकहरू रहेको तथ्यांकले समेत यसलाई पुष्टि गरेको छ (MOTCA, 2013)। पर्यटन विकासका लागि आफ्नो मौलिक ब्राण्डको आवश्यक पर्दछ जो हामीले हिमाल आरोहण, पर्वतीय पदयात्रा, हिन्दू तथा बौद्ध धर्ममा आधारित धार्मिक पर्यटन र उपत्यकामा हेरिटेज पर्यटन मार्फत प्राप्त गरिरहेका छौ । तर तिनै क्षेत्रहरूको उचित व्यवस्थापन, संरक्षण र प्रवर्द्धनको अभावमा नेपालले पर्यटनबाट अपेक्षित सफलता प्राप्त गर्न सकिरहेको छैन । यसको अलवा नदीहरूमा जल विहारका साथै वन्य जन्तु आरक्षण तथा राष्ट्रिय निकुञ्जमा जङ्गली जनावर, चरा, पुतली लगायतका जीवजन्तुको अवलोकन नेपालको पर्यटन विकासका अर्को महत्वपूर्ण आधारका रूपमा रहेका छन ।

### ४.७.१ पर्यटकीय स्थलहरुको विवरण

यस गाउँपालिकामा रहेका प्रमुख धार्मीक एवं पर्यटकीय स्थानहरुमा धार्मिक महत्व बोकेका केही मन्दिरहरु पर्दछन । गाउँपालिकामा भित्र रहेका प्रमुख धार्मिक पर्यटकीय तथा ऐतिहासिक लगायत प्रमुख क्षेत्रहरुलाई तलको तालिकामा दिईएको छ ।

**तालिका नं. ४.७.१ प्रमुख पर्यटकीय तथा ऐतिहासिक स्थल**

| क्र.सं. | विवरण | स्थान | क्र.सं. | विवरण | स्थान |
|---|---|---|---|---|---|
| १ | मोलुङ खोला | | ७ | सेप्ली झरना | |
| २ | कुल खोला | | ८ | सेप्ली मोलुङ दोभान | |
| ३ | गैरा बारी खोला | | ९ | च्यादि झरना | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | डोले खोला | | १० | जलजलेश्वर महादेव त्रिवेणी मकरधाम | |
| ५ | झगरपुर खोला | | ११ | गौरीसंखर हिमाल देखिने तिनतले पहाड | |
| ६ | पेकु खोला | | | | |

श्रोत: वडा कार्यालय: २०७५

### ४.७.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण

यस गाउँपालिकामा सानातिना खाजा पसल, चिया पसल, मदिरा पसल आदि थुप्रै रहेता पनिस्थलगत रुपमा अध्ययन गर्दा यस गाँउपालिका भित्र प्रमुख रुपमा रहेका होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरणलाई हेर्दा मुख्यतया १ वटा जति रहेका छन् जसको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ

**तालिका नं.४.७.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण**

| क्र.सं. | संस्थाको नाम | स्थान | क्षमता | प्रकार | वेड संख्या |
|---|---|---|---|---|---|
| १ | लोकल होटेल भिलेज टप | मोलुङ ३ देउराली | ६ कोठा | आवाशिय | १० |

श्रोत: वडा कार्यालय: २०७५

### ४.७.३ औद्योगिक विकास (लघु, घरेलु, साना, मझौला, ठूला उद्योग, सरकारी, पब्लिक, नीजि र सहकारी)

यस गाउँपालिकामा भित्र विभिन्न किसिमका व्यवसायहरु गरेर वस्ने मानिस तथा परिवारहरुको यकिन तथ्यांक प्राप्त गर्नका लागि घरधुरी सर्वेक्षण लगायत यस गाउँपालिकामा दर्ता भई पेशा गर्नेहरुको तथ्यांकलाई संकलन गरिएको छ । संख्यात्मक रुपमा हेर्नेहो भने यहाँका वासिन्दाले किराना पसल, होटल व्यवसाय, खाजा घर, चिया पसल आदी लगायतका पेशा संचालन गर्नेको संख्या अत्याधिक रहेको छ भने अरु विभिन्न प्रकारका व्यवसाय गर्नेको संख्या पनि धरै मात्रामा रहेको छ । तलको तालिकामा यस गाउँपालिकामा दर्ता भई व्यवसाय संचालन गर्नेहरुको विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८.५ औद्योगिक तथा व्यापार,व्यवसाय सम्बन्धी अवस्था**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | किराना पसल तथा व्यवशाय | १८ | ३६ | २० | १९ | २० | १३ | ३७ | २२ | १८५ |
| २ | कस्मेटिक, फेन्सी पसल तथा व्यवशायी | ७ | ११ | १ | १७ | ५ | ३ | २ | ० | ४६ |
| ३ | क्लिनीक तथा औषधि व्यवशायी | ३ | १ | ० | १ | ० | ० | ० | ० | ५ |
| ४ | होटेल व्यवशाय | ३ | २१ | ० | १ | ८ | १० | ४ | ० | ४७ |
| ५ | भाडा पसल तथा व्यवशायी | ० | ० | ० | १ | ० | १ | ० | ० | २ |
| ६ | टेलर्स | १ | ० | ० | ८ | २ | ० | ३ | ० | १४ |
| ७ | माछा मासु पसल तथा व्यवशायी | १ | १ | ० | २ | ० | ० | ० | १ | ५ |
| ८ | हेयर सैलुंग तथा सौन्दर्य कला व्यवशायी | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| ९ | ठेक्का पट्टा व्यवशायी | १ | ० | ० | ० | ० | ० | १ | ० | २ |
| १० | मोबाइल,क्यामरा तथा सि.डि.पसल | १ | ० | १ | २ | ० | २ | ० | ० | ६ |
| ११ | घडि रेडियो टि.भी मर्मत | ० | १ | ० | ० | १ | १ | ० | ० | ३ |
| १२ | फोटो स्टुडियो | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | फर्निचर पसल तथा व्यवशाय | ० | ० | ० | २ | ० | ० | ० | ० | २ |
| १४ | जुत्ता पसल | ० | १ | ० | २ | ० | ० | ३ | ० | ६ |
| १५ | खाजाघर तथा चिया पसल | १ | ० | १ | ० | ० | ० | २ | ० | ४ |
| १६ | पुस्तक तथा फोटोकपी व्यवशाय | १ | १ | ० | १ | १ | ० | ० | ० | ४ |
| १७ | कानुन व्यवशायी र परामर्श सेवा | १ | ० | ० | १ | ० | ० | ० | ० | २ |
| १८ | निमार्ण व्यवशायी तथा सप्लायर्स | ० | ० | १ | ० | १ | ० | ० | ० | २ |
| १९ | बोर्डिङ स्कुल संचालन | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| २० | अन्य | ४ | ५ | ५ | ४ | ६ | ० | ३ | ० | २७ |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

## ४.८ सहकारी सम्बन्धी विवरण

व्यक्ति, परिवार, टोल, समुदाय वा समाज विचको आन्तरिक अन्तर सम्वन्ध तथा सहकार्यवाट जून साना तथा ठूला आर्थिक आवश्यकता तथा समस्याहरुको निवारण गर्नका लागी वनाइएको संगठनलाई सहकारी संस्था भनिन्छ । यस गाउँपालिकामा प्रायः मानिसहरुले सानो रकमको आवश्यकतालाई टोल छिमेकवाटै सरसापटी लिई चलाउने गरेको पाइन्छ भने ठूलो रकमको आवश्यकताको वेलामा बैंक तथा सहकारी संस्थावाट लिने गरेको पाइन्छ । यहाँका अधिकांस मानिसहरुले कूनै व्यवसाय संचालन गर्न वैदेशिक रोजगारीमा जान, घर वनाउन, सवारी साधन किन्न आदी विभिन्न कारणले सहकारी संस्था मार्फत ऋण लिइरहेका हुन्छन । यस गाउँपालिकामा रहेका यस्ता सहयोगी संस्थाहरुवाट यहाँका वासिन्दाहरुको जिवनस्तर सहज सरल र सफल वनेकोछ । यस गाउँपालिकामा रहेका बिभिन्न सहकारी संस्थाको बिवरणलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं.४.८ सहकारी सम्बन्धी विवरण**

| क.सं. | सहकारी संस्था | वडा नं. |
|---|---|---|
| १ | भुमेदेवी कृषि सहकारी संस्था | ३ |
| २ | बेलीचमेली महिला वचत तथा ऋण सहकारी संस्था | ४ |
| ३ | महिला वचत तथा ऋण सहकारी संस्था | ६ |
| ४ | कालिका देवी उपभोक्ता सहकारी संस्था | ६ |
| ५ | बैंक | |
| ६ | विकास वैंक | २ |
| ७ | सनराईज बैंक | ३ |
| | | |

श्रोत वडा कार्यालय २०७५

# परिच्छेद पाँचः सामाजिक अवस्था

यस परिच्छेद भित्र मोलुङ गाउँपालिका भित्र रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, वालवालिका तथा महिला विकास आदि लगायतको वर्तमान अवस्थालाई अध्ययन विश्लेषण गरिएको छ । मोलुङ गाउँपालिका भित्र माथि उल्लेख गरिएका शिर्षक भित्रका उपलब्ध हुन सकेसम्मका तथ्यांकहरुलाई संकलन गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ५.१ शिक्षा

तुलनात्मक रुपमा नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेको अवस्थामा मोलुङ गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण २०७५ अनुसार मोलुङ गाउँपालिकाको साक्षरता ८२.६५ प्रतिशत रहेको देखिएको छ । जसमध्ये महिलाको साक्षरता दर ८२.१९ प्रतिशत र पुरुषको साक्षरता दर ८३.११ प्रतिशत रहेको देखिन्छ । यस अवस्थालाई अझ माथि उकास्न वा पुर्ण साक्षर गाउँपालिका बनाउनका लागि आगामी दिनहरुमा शिक्षा सम्बन्धी सरोकारवाला निकायहरुसंग समन्वय गरी शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने गाउँपालिकाको आवश्यकता रहेको छ । स्थलगत सर्भेक्षण अनुसार यस गाउँपालिकामा रहेका शिक्षा सम्बन्धी तथ्यांक तथा विवरणलाई तल देखाईएको छ ।

### ५.१.१ साक्षरता विवरण

यस गाउँपालिकामा रहेको कुल जनसंख्या २२२७९ मध्ये जम्मा ८२.६५ प्रतिशत साक्षर रहेका छन् । तहगत रुपमा हेर्दा आधारभूत तहमा २८.१८, माध्यमिक तहमा १७.९३ रहेको अवस्था घरधुरी सर्वेक्षण २०७५ ले देखाएको छ । त्यसैगरी स्नातक गरेको संख्या ६.८ प्रतिशत छ भने स्नाकोत्तर वा सो सरह पास गरेको संख्या १.४ प्रतिशत रहेको देखिन्छ भने एम्फिल र पिएच्डी गरेको संख्या ०.०६ प्रतिशत रहेको छ । वर्तमान अवस्थामा यस गाउँपालिका भित्र वसोवास गर्ने जम्मा जनसंख्या मध्ये १७.३५ प्रतिशत जनसंख्या निरक्षर रहेको सर्वेक्षणले देखाएको छ । समग्र रुपमा तलको तालिकामा मोलुङ गाउँपालिकाको शैक्षिक अवस्थालाई तल देखाइएको छ ।

**तालिका नं. ५.१.१ जनसंख्याको आधारमा वडागत साक्षरता तथा शैक्षिक तह सम्वन्धी विवरण**

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **निरक्षर** | | | | | | | | | | |
| **पुरुष** | १८८ | २३५ | ९७ | ५५ | १४९ | १४२ | १९८ | १५४ | १२१८ | १३.९ |
| **महिला** | ३१० | ३८६ | १७४ | १३८ | १८५ | २०४ | २७१ | २३२ | १९०० | |
| **सारक्षर** | | | | | | | | | | |
| **पुरुष** | ३६७ | ३२३ | १९० | ३८५ | २०९ | ७९३ | ३७६ | ७७६ | ३४१९ | ३१.५० |
| **महिला** | ४१५ | ४४३ | २४८ | ४५१ | २४४ | ७१० | ३७७ | ७०९ | ३५९७ | |
| **आधारभुत** | | | | | | | | | | |
| **पुरुष** | ४९६ | ६६० | २५४ | ४५० | ३८६ | ४०३ | ५१२ | २१० | ३३७१ | २८.१८ |
| **महिला** | ४२० | ५५६ | २०२ | ३९४ | ३३० | ३८४ | ४३० | १९१ | २९०७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **ते.ली** | १ | १ | | | | | | | २ | |
| **माध्यमिक** | | | | | | | | | | |
| **पुरुष** | ६०८ | ४९१ | २६८ | ३३२ | ३०५ | ७७ | ११९ | ६७ | २२६७ | १७.९३ |
| **महिला** | ४२६ | ३६४ | १९४ | २७९ | २५९ | ७० | ९४ | ४३ | १७२९ | |
| **स्नातक** | | | | | | | | | | |
| **पुरुष** | १३३ | ४०६ | ५० | १०२ | ७२ | २० | २५ | २१ | ८२९ | ६.८ |
| **महिला** | १३४ | ३५० | ४२ | ७१ | ६१ | १३ | १६ | २१ | ७०८ | |
| **डिग्री** | | | | | | | | | | |
| **पुरुष** | ४७ | ९२ | ३४ | ३० | २० | १ | ४ | ० | २२८ | १.४ |
| **महिला** | १६ | ३५ | १७ | ११ | ७ | ० | २ | १ | ८९ | |
| **पि.एच.डि.** | | | | | | | | | | |
| **पुरुष** | १ | ६ | ४ | १ | ० | ० | ० | ० | १२ | ०.०६ |
| **महिला** | ० | ० | ३ | ० | ० | ० | ० | ० | ३ | |
| **जम्मा** | **३५६२** | **४३४८** | **१७७७** | **२६९९** | **२२२७** | **२८१७** | **२४२४** | **२४२५** | **२२२७९** | **१००** |

श्रोत : घरधुरी सर्वेक्षण २०७५

### ५.१.२ तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत, मदरसा, गुम्बा) र विद्यार्थी विवरण

## ५.१.३ तहगत रुपमा शैक्षिक संस्था र विद्यार्थी विवरण

| क्र.सं. | कक्षा | १ | | | २ | | | ३ | | | ४ | | | ५ | | | ६ | | | ७ | | | ८ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू | म | ज | पू | म | ज | पू | म | ज | पू | म | ज | पू | म | ज | पू | म | ज | पू | म | ज | पू | म | ज |
| १ | १ | 3 | ४ | ७ | २३ | १५ | ३८ | २१ | १७ | २८ | ७ | ९ | १६ | ० | ० | ० | ५७ | ३५ | ९२ | ० | ० | ० | ० | ० | ० |
| २ | २ | 8 | ३ | ११ | २९ | २३ | ६२ | १२ | २१ | ३३ | ५ | १३ | १८ | ० | ० | ० | ४७ | ४० | ८७ | ० | ० | ० | ० | ० | ० |
| ३ | ३ | 4 | ४ | ८ | २५ | ३२ | ५७ | १६ | १२ | २८ | ५ | ९ | १४ | ० | ० | ० | ५२ | ४० | ९२ | ० | ० | ० | ० | ० | ० |
| ४ | ४ | 11 | ६ | १७ | ३२ | ३१ | ६३ | ९ | ६ | १५ | १५ | १८ | ३३ | ० | ० | ० | ३७ | २९ | ६६ | ० | ० | ० | ० | ० | ० |
| ५ | ५ | 10 | १० | २० | ३१ | २४ | ५५ | १२ | ११ | २२ | १६ | २१ | ३७ | ० | ० | ० | ४२ | ३३ | ७५ | ० | ० | ० | ० | ० | ० |
| ६ | ६ | 6 | १३ | १६ | २३ | २४ | ४७ | ११ | १६ | १६ | १५ | २० | ३५ | ० | ० | ० | ३० | ४२ | ७२ | ० | ० | ० | ० | ० | ० |
| ७ | ७ | 12 | ९ | २१ | ३० | ३३ | ६३ | ५ | ४ | ९ | १२ | २४ | ३६ | ० | ० | ० | ३५ | ३१ | ६६ | ० | ० | ० | ० | ० | ० |
| ८ | ८ | 12 | ११ | २३ | ३५ | ४७ | ८२ | ० | ० | ० | १५ | १८ | ३३ | ० | ० | ० | २४ | २८ | ५२ | ० | ० | ० | ० | ० | ० |
| ९ | ९ | 4 | १८ | २२ | ३६ | ४५ | ८१ | ० | ० | ० | १४ | १६ | ३० | ० | ० | ० | ४३ | २४ | ६७ | ० | ० | ० | ० | ० | ० |
| १० | १० | 12 | १७ | २९ | ३० | ४७ | ७७ | ० | ० | ० | १६ | १७ | ३३ | ० | ० | ० | २६ | २० | ४६ | ० | ० | ० | ० | ० | ० |

श्रोत: वडा कायालय २०७५

## ५.१.३ तहगत रुपमा निजि शैक्षिक संस्था र विद्यार्थी विवरण

| क्र.सं. | कक्षा | १ | | | २ | | | ६ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पू | म | ज | पू | म | ज | पू | म | ज |
| १ | g;{/L | 7 | 4 | 11 | २१ | २३ | ४४ | | | |
| २ | Pn=s]=hL | 6 | 3 | 6 | ३० | २२ | ५२ | | | |
| ३ | Q=s]=hL | 6 | 3 | 6 | २३ | २५ | ४८ | 15 | 19 | 34 |
| ४ | 1 | 5 | 5 | 10 | १९ | २० | ३९ | 16 | 7 | 23 |
| ५ | 2 | 4 | 5 | 9 | १५ | २१ | ३६ | 8 | 10 | 18 |
| ६ | ३ | | | | १६ | १५ | ३१ | 8 | 8 | 16 |
| ७ | ४ | | | | १२ | ८ | २० | 5 | 1 | 6 |
| ८ | ५ | | | | १४ | १० | २४ | | | |
| ९ | ६ | | | | ९ | ७ | १६ | | | |

### ५.१.३ बाल बिकास केन्द्रको विवरण

वालवालिकाको मानसिक, सामाजीक तथा शारीरिक विकासको लागी बिशेष स्याहार केन्द्र तथा बालबिकास केन्द्रको स्थापना गरीएको छ । विद्यमान अबस्थामा यस्ता बालबिकास केन्द्रको अत्याधिक आर्कषण तथा आवश्यकता बढेको । यस गाउँपालिकामा पनि वालक र वालिका गरी जम्मा ८४ वालवालिका वालविकास केन्द्रमा भर्ना भएका छन् जस्लाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं ५.१.३ बालविकास केन्द्र सम्बन्धी विवरण**

| क्र.सं. | बालविकास केन्द्रको जम्मा संख्या | बालबालिकाको संख्या | | जम्मा | वडा नं. |
|---|---|---|---|---|---|
| | | बालक | बालिक | | |
| १ | लालीगुँरास बालविकास केन्द | ७ | १० | १७ | १ |
| २ | ९ | ३४ | ३२ | ६६ | २ |
| ३ | श्री सुनवती आ.वि बालविकास केन्द्र | ४ | ६ | १० | ३ |
| ४ | श्री भुमेदेवी आ.वि बालविकास केन्द्र | ४ | ४ | ८ | ३ |
| ५ | श्री चम्पा देवी आ.वि बालविकास केन्द्र | ५ | ८ | १३ | ३ |
| ६ | बेलीचोली बालविकास केन्द | ९ | ७ | १६ | ४ |
| ७ | ३ | | | | ५ |
| ८ | ५ | ३३ | ५१ | ८४ | ६ |

श्रोतः वडा कार्यालयः २०७५

### ५.१.४ शिक्षक तथा शैक्षिक जनशक्ति विवरण

मोलुङ गाउँपालिका भित्र अध्यापन गराउने कुल शिक्षक शिक्षिका संख्या ..... जना मध्ये .....जना आधारभुत तर्फ र मा.वि तर्फ .... जना शिक्षकहरु कार्यरत छन । आधारभुत तर्फ .... जना  राहत दरवन्दीमा कार्यरत रहेका छन भने मा.वि. तर्फ .... जना दरवन्दीमा रहेका छन भने .... जना अस्थायी र ..... जना राहत दरवन्दीमा अध्यापन गराई रहेका छन ।

**तालिका न.५.१.४ शिक्षक तथा शैक्षिक जनशक्ति सम्वन्धी विवरण**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | शिक्षक संख्या | विद्यार्थी शिक्षक अनुपात | विद्यार्थी कक्षा कोठा अनुपात | वडा नं. |
|---|---|---|---|---|---|---|
| 1 | कुन्ता दर्शन आ.वि | 40 | 5 | 1=8 | 1=75 | 1 |
| 2 | सरस्वती आ.वि | 265 | 18 | 14=7 | | 1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3 | सिहदेवी आ.वि | 23 | 2 | 1=12 | | 1 |
| 4 | जलकन्या आ.वि | 40 | 4 | | | 1 |
| 5 | श्री बरुणेश्वर आ.वि | 636 | 36 | | | 2 |
| 6 | श्री गणेश मा.वि | 223 | 20 | | | 2 |
| 7 | श्री ग्रामोदय आ.वि | 67 | 6 | | | 2 |
| 8 | श्री प्रभु आ.वि | | | | | 2 |
| 9 | श्री बरुण एजुकेश्नल ऐकेडेमी | 300 | 16 | | | 2 |
| 10 | श्री चम्पा देवी आ.वि | ७४ | ४ | १८.५ | १२.३३ | 3 |
| 11 | श्री सुनवती आ.वि | 78 | 3 | 1=26 | 1=13 | 3 |
| 12 | श्री भुमेदेवी आ.वि | 22 | 3 | 1=11 | 1=10 | 3 |
| 13 | श्री सेतीदेवी आ.वि | 17 | 2 | 1=85 | 1=5 | 3 |
| 17 | श्री जिवन प्रदिप मा.वि | 324 | 12 | 27 | 32=4 | 4 |
| 18 | शिवदुती मा.वि | 351 | 20 | 17=55 | | 5 |
| 19 | पञ्चकन्या प्रा.वि | 34 | 2 | | | 5 |
| 20 | जंग प्रा.वि | 32 | 3 | | | 5 |
| 21 | कालिका आ.वि | 437 | 17 | | | 6 |
| 22 | चुच्चेढुङ्गा आ.वि | 56 | 3 | | | 6 |
| 23 | जनसहयोगी | 29 | 3 | | | 6 |
| 24 | सिहदेवी आ.वि | 192 | 9 | | | 6 |
| 24 | पेशला आ.वि | 70 | 5 | | | 6 |

श्रोत घरधुरी सर्वेक्षण २०७५

### ५.१.७ स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी

शिक्षा ज्ञानको ज्योति हो । शिक्षाले अन्धकार र अन्धविश्वासलाई तोड्दै समाज परिवर्तनको सन्दर्भमा सेता किरणहरु छर्दछ । यो अज्ञानता विरुद्धको एक सञ्जीवनि बुटी हो र शिक्षा परिवर्तनको अस्त्र पनि हो । शिक्षाले समाजमा परम्परा देखि रुमलिदैं आएका सामाजिक तथा सांस्कृतिक चरहरुलाइ प्रतिस्थापन गरी नयाँ र नविन चलहरुको स्थापना गर्न सहयोग गर्दछ । शिक्षाले जातिय कट्टरता, विभेद र असमानताहरुलाई क्रमशः हटाउदै गएको छ । सामाजिक समावेशिकरण र सामाजिक न्यायलाई मजबुद बनाइदिएको छ । यसले वैज्ञानिक आविष्कारलाई सहयोग गरेको छ । समाजमा ज्ञान, सिप, कला, विज्ञान र साहित्यको प्रष्फुटन गराइदिएको छ । समाजलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई सामाजिक परिवर्तनको गति तथा दायरालाई फराकिलो वनाईदिएको छ । यसकै माध्यमबाट कानुनी सुधारहरु भई समाजमा समानतामा आधारित कानुनहरुको विकास भएको छ । यसै सर्न्दभमा मोलुङ गाउँपालिकाको अवस्थालाई अध्ययन तथा विश्लेषण गर्दा माथि उल्लेख गरिए अनुसारको गाउँपालिका भित्र शैक्षिक तथा सीपयूक्त जनशक्ति लगायत मानव संशोधन रहेको देखिन्छ ।

## ५.२ स्वास्थ्य तथा पोषण

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य नगरपालिका तथा गाउँपालिकाको प्रत्येक वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यसैगरी यस मोलुङ गाउँपालिकामा पनि स्वास्थ्य चौकीहरु स्थापना हुने क्रममा छन् । यस गाउँपालिका भित्र वस्ने अधिकांश व्यक्तीहरुले बिरामी हुंदा सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । स्वास्थ्य सेबा तथा सुविधालाई ध्यानमा राखि मोलुङ गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा सेबाहरुलाई तलको तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका नं. ५.२.१ विद्यमान स्वास्थ्य सेवा सम्वन्धी विवरण**

| क्र.सं. | स्वास्थ्य सेवा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | स्वास्थ्य चौकी | | १ | १ | १ | | | | | |
| 2 | उप-स्वास्थ्य चौकी (स्वास्थ्य एकाई) | १ | | | | | १ | | | |
| 3 | क्लिनिक | | २ | १ | १ | | १ | | | |
| 4 | बर्थिङ सेन्टर | १ | १ | १ | १ | | १ | | | |
| 5 | फार्मेसी | | | | | | १ | | | |
| 6 | वेड संख्या | | १ | | | | | | | |
| 7 | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | | २८.२० | ७५ | २८ | | ५२ | | | |
| 8 | दक्ष स्वास्थ्यकर्मि बाट सुत्केरी गराउने प्रतिशत | | २८.२० | ७५ | २८ | | ३८ | | | |
| 9 | भिसिटि केन्द्र संख्या | | | | १ | | | | | |
| 10 | महिला स्वयम सेविका संस्था | | ११ | ७ | ९ | ११ | ८ | | | |

श्रोतः वडा कार्यालय २०७५

तथ्यांकले देखाए अनुसार मोलुङ गाउँपालिका भित्र सरकारी अस्पतालको ..................................तथ्यांक आउन बाँकी

### ५.२.३ विरामी पर्दा उपचारको लागी जाने स्थान सम्बन्धी विवरण

हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य एउटा वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यस गाउँपालिका भित्र वस्ने अधिकांश घरधुरी हरुले बिरामी हुंदा नजिकको सरकारी अस्पतालको सेवामा निर्भर रहेका हुन्छन भने केहि मात्रामा नीजि अस्पतालमा जाने गरेको पनि देखिन्छ । यस गाउँपालिकामा विरामी पर्दा उपचारको लागी जाने स्थान सम्वन्धी विवरणलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं.५.२.३ विरामी पर्दा उपचारको लागी जाने स्थान सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरकारी अस्पताल | ९३ | ८६२ | १५१ | ८० | २९१ | ५१९ | ४२० | २६२ | २६७८ |
| २ | स्वास्थ्य केन्द | ५४९ | २ | १०८ | ४१६ | ३६ | १७ | ३७ | १८६ | १३५१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | निजी क्लिनीक | ३ | ४ | ३९ | ३ | ८१ | ० | १२ | २ | १४४ |
| ४ | लामा झाक्री कँहा | ० | १ | ५ | १ | २० | ३ | ० | २ | ३२ |
| ५ | प्राकृतिक/आयुर्वेदिक चिकित्सक | ० | १ | ० | ० | ० | ० | ० | १ | २ |
| ६ | कँहि नजाने | ० | ० | ० | ० | ० | १ | ० | ० | १ |
| | **जम्मा** | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |

श्रोत : घरधुरी सर्वेक्षण २०७५

**तालिका नं.५.२.४ वडागत रुपमा दिर्घरोग सम्वन्धी विवरण**

| **क्र.सं.** | **विवरण** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | छ | १७२ | २२० | ४९ | ३५ | ६५ | ३९ | ३६ | २० | ६३६ |
| २ | छैन | ४७३ | ६५० | २५४ | ४६५ | ३६३ | ५०१ | ४३३ | ४३३ | ३५७२ |
| | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ |

श्रोत : घरधुरी सर्वेक्षण २०७५

**तालिका नं.५.२.५ वडागत रुपमा दिर्घरोग भएका जनसंख्या सम्वन्धी विवरण**

| **क्र.सं.** | **उमेर समुह** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | क्षयरोग | | | | | | | | | |
| | महिला | ० | १ | ० | १ | ४ | ० | १ | १ | ८ |
| | पुरुष | ३ | १ | १ | ० | ० | ५ | २ | ० | १२ |
| २ | क्यान्सर | | | | | | | | | |
| | महिला | २ | ० | ० | ० | ० | ० | १ | ० | ३ |
| | पुरुष | ० | १ | १ | ० | ० | ० | १ | ० | ३ |
| ३ | एच.आई.भि. एड्स | | | | | | | | | |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | चिनी रोग | | | | | | | | | |
| | महिला | ८ | २४ | ५ | २ | ४ | ० | ५ | ३ | ५१ |
| | पुरुष | ७ | १९ | १ | ० | ७ | ० | १ | १ | ३६ |
| ५ | ब्लड प्रेसर | | | | | | | | | |
| | महिला | ४६ | ५२ | ९ | ५ | १३ | १५ | ३ | ८ | १५१ |
| | पुरुष | २२ | ४३ | ५ | ७ | ९ | ६ | ४ | ३ | ९९ |
| ६ | अन्य | | | | | | | | | |
| | महिला | ८८ | १५० | २८ | २२ | ३७ | १४ | १२ | ७ | ३५८ |
| | पुरुष | २ | २ | १ | २ | ० | ० | ७ | १ | १५ |

श्रोत : घरधुरी सर्वेक्षण २०७५

## ५.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वास्थ्य जिवन जिउनका लागि यि तत्वको निकै महत्व रहेको हुन्छ र यस वारेमा सचेत पनि रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ र यसको साथसाथै सरसफाईमा पनि त्यतिकै जानकारी राख्नु पर्दछ ।

### ५.३.१ खानेपानी सुविधाको अवस्था

मोलुङ गाउँपालिकामा बसोवास गर्ने ४२०८ घरधुरी मध्ये १८.६० प्रतिशत घरधुरीले मात्र नीजी धाराको पानी प्रयोग गरेको देखिन्छ भने सार्वजनिक पाइप धाराको प्रयोग गर्नेको संख्या २३.६९ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको जम्मा परिवार मध्ये ५२.१६ प्रतिशत भन्दा बढिले सामुदायीक धाराको पानी प्रयोग गरेको देखिन्छ । अर्को तर्फ २०७२ बैशाख १२ को महाभुकम्पका कारण अधिकांश पानीका श्रोतहरु नष्ट भएको स्थानीयवासीको गुनासो रहेको छ । यस गाउँपालिकामा धेरैजसो घरधुरीमा सार्वजनिक धारा तथा सामुदायीक धाराहरु भएपनि त्यसमा निरन्तर पानी आउदैंन । धारामा पानी नआउदा मानिसहरु घरबाट टाढा रहेको जरुवा वा मूलको पानी प्रयोग गर्न बाध्य छन् । तलको तालिकामा खानेपानी सम्बन्धी स्रोतको विवरणलाई देखाइएको छ

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ब्यक्तिगत धारा | ९ | ७५ | २३० | १०८ | ७० | ७६ | १६९ | ४६ | ७८३ | १८.६० |
| २ | सार्बजनीक धारा | ९ | ६९८ | १४ | १३ | ४७ | १४ | १८१ | २१ | ९९७ | २३.६९ |
| ३ | सामुदायीक धारा | ५९८ | ८७ | २१ | ३६६ | २३१ | ३९७ | ११४ | ३८१ | २१९५ | ५२.१६ |
| ४ | छिमेकीको धारा | १ | ० | ३० | १२ | ९ | १६ | ५ | १ | ७४ | १.७ |
| ५ | कुवा, जरुवा र ईनार | २१ | ७ | ८ | १ | ६२ | ३१ | ० | ४ | १३४ | ३.१८ |
| ६ | नदी, खोला वा मुहान | ७ | ३ | ० | ० | ९ | ६ | ० | ० | २५ | ०.५९ |
| जम्मा | | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

**तालिक नं. ५.३.१ वडागत रुपमा खानेपानी सुविधाको अवस्**

श्रोतःघरधुरी सर्वेक्षण :२०७५

### ५.३.२ शौचालय प्रयोगको अवस्था


मोलुङ गाउँपालिका भित्र बस्ने ४२०८ घरधुरी संख्या मध्ये ८६.१२ अर्थात ३६२४ घरधुरीले शौचालयको रुपमा पक्की चर्पी प्रयोग गर्ने गरेको देखिन्छ भने १४८ (३.५१ प्रतिशत) को घरमा शौचालय नभएको देखिन्छ । तलको तालिका र वृत्तचित्रमा शौचालय र यसको प्रकारको अवस्थालई स्पष्ट पारिएको छ ।

**तालिका नं. ५.३.३ शौचालय र प्रकार सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चर्पी छैन | १६ | ४१ | ४ | ८ | २२ | १२ | ४१ | ४ | १४८ | ३.५१ |
| २ | साधारण खाल्डे चर्पी | ४ | ० | ३ | ८ | ८ | २८ | १०४ | ५ | १६० | ३.८० |
| ३ | कच्ची चर्पी | २९ | ६४ | १२ | १८ | १४ | १० | ९५ | ३४ | २७६ | ६.४८ |
| ४ | पक्की चर्पी | ५९६ | ७६५ | २८४ | ४६६ | ३८४ | ४९० | २२९ | ४१० | ३६२४ | ८६.१२ |
| | **जम्मा** | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ | १०० |

श्रोत:घरधुरी सर्वेक्षण :२०७५

**चित्र नं ५ शौचालय र प्रकार सम्वन्धी विवरण**




### ५.३.३ फोहोरमैला व्यवस्थापन

फोहोरमैला व्यवस्थापनमा यस वडाका वडावासीमा अझै पनि फोहोरमैला लाइ कसरी व्यवस्थापन गर्ने भन्ने कूराको ज्ञानको कमी भएको देखीन्छ । जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै, यसको अलावा वडाको सुन्दरतामा समेत कमी हुन आउछ । यसका लागी समय समयमा विभिन्न किसिमका कार्यक्रम संचालन गरेमा फोहोरमैला व्यवस्थापनमा विकास हुन गई वडालाई सफा, स्वच्छ तथा हरियाली वनाउन सकिन्छ ।

खानेपानी तथा सरसफाइ संवन्धी सहभागीतामुलक योजना निर्माण गरि यो वडा खुलादिशा मुक्त घोषणा भएको भए तापनि यस्को उचित सम्मान अझ हुन सकेको देखिदैन यस स्थानमा वसोवास गर्ने अधिकांस घरपरिवारले घरवाट निस्कने फोहोर निश्चत स्थानमा फाल्ने गरेको पाइन्छ । यसका अलावा केही घरधुरीले खोला, कूलोमा फाल्ने गर्ने गरेको पाइएकोछ भने केही घरधुरीले घरवाट निस्कने फोहोरलाई कम्पोष्ट मल वनाउने गरेका छन । तलको तालिकमा फोहोरमैला व्यवस्थापन र यसको प्रकारको अवस्थालई स्पष्ट पारिएको छ ।

**तालिका नं. ५.३.३ फोहोरमैला व्यवस्थापन सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फोहोर थुपार्ने ठाँउमा | २७८ | ४१९ | २१४ | ४९३ | ३४७ | ३४४ | ३२४ | ३६९ | २७८८ |
| २ | घरमानै लिन आउछ | ४ | १ | | १ | ८ | १ | १४ | १ | ३० |
| ३ | आफ्नै कम्पाउण्डमा | ३ | ४४० | ८६ | १ | ३२ | १७ | ८७ | ४६ | ७१२ |
| ४ | कम्पोष्ट मल बनाईन्छ | ३२२ | ७ | १ | | १० | १६१ | ३७ | २० | ५५८ |
| ५ | नदि वा खोल्सामा | ३८ | २ | १ | ५ | ३१ | १७ | ६ | १६ | ११६ |
| ६ | अन्य | | १ | १ | | | | १ | १ | ४ |
| **जम्मा** | | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

## ५.४ समावेशिकरण

विश्वमा आधा जनसंख्याको भाग ओगटेको महिलालाई विकासको मुल प्रवाहमा समाहित गर्दै लैजानु आजको चुनौती हो । "जहाँ महिला सहभागीता त्यहाँ विकासमा परीपक्कता" भनेझै महिला सहभागीताले विकासमा प्राथमिकता पाउन थालेको छ । यस गाउँपालिकामा वसोवास गर्ने परिवारका सदस्यहरु कुनै न कुनै संघ संस्थामा आवद्ध रहेको देखिन्छ । समाजको हित तथा दिगो विकासका लागि सामाजिक संघ संस्थाहरुले विभिन्न तह तथा क्षेत्रहरु वाट विभिन्न प्रकारका योगदानहरु पुराइरहेका हुन्छन । सामाजिक संघ संस्थाहरुमा वनेको उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समुह, सहकारी संस्था आदी पर्दछन ।

### ५.४.१ बालक्लव तथा संजालको विवरण

**तालिका नं.५.४.१ बाल सञ्जालको अवस्था सम्वन्धी विवरण**

| क्र.सं. | बाल सञ्जालको विवरण | भर्ना भएका बालबालिकाको संख्या | | | | | जम्मा | वडा नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | लैंगिक आधार | | सामाजिक आधार | | | | |
| | | बालक | बालिक | दलित | जनजाति | अन्य | | |
| १ | सयपत्री वाल समुह | १२ | २५ | | | | ३७ | १ |
| २ | २ | १७ | १० | ८ | ३ | १६ | | २ |
| ३ | आदर्श वाल समुह | २७ | २४ | ३ | ७ | ४१ | ५१ | ३ |
| ४ | वडा स्तरीय वाल सञ्जाल | ६ | ५ | २ | २ | ७ | ११ | ४ |
| ५ | यु.रे.स | १५ | १० | ५ | १२ | ८ | २५ | ४ |
| ६ | ३ | | | | | | | ५ |
| ७ | सृजनशिल वाल समुह | ४ | ५ | २ | ५ | | १६ | ६ |

श्रोत : वडा कार्यालय २०७५

**तालिका नं. ५.४.२ बाल बालिकाको जन्म दर्ता सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | छ | ६३६ | ८०० | २८१ | ४६७ | ३८० | ५२६ | ४२८ | ४२० | **३९३८** |
| २ | छैन | ८ | ३२ | २२ | २३ | २१ | १४ | ३९ | २९ | **१८८** |
| ३ | जन्म दर्ता वारे थाहा छैन | १ | ३८ | ० | १० | २७ | ० | २ | ४ | **८२** |
| | जम्मा | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |

श्रोत : वडा कार्यालय २०७५

## ५.५ युवा, खेलकुद र मनोरञ्जन

खेलकुद मानव जिवनको एक अभिन्न अंङ्ग हो । मानिस स्वस्थ वन्न साथै स्वस्थ समाज निर्माण गर्न खेलकुदको महत्व अपरिहार्य जस्तै वनेको छ । यस गाउँपालिकामा पनि स-साना विभिन्न किसिमका खेदकुद मैदान रहेका छन । यस्ता मैदानहरुमा प्रायः फुटवल तथा भलिवल खेल्ने गरेको पाइएको छ । तलको तालिकामा यस गाउँपालिका भित्र भएका खेलकुद मैदान सम्वन्धी विवरणलाई प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.५.१ युवा ,खेलकुद तथा मनोरञ्जन सम्वन्धी विवरण**

| क्र.सं. | खेल मैदानहरुको नाम | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | सरस्वती मा.वि विद्यालय | बुङनाम | १ |
| २ | कुन्ता दर्शन आधारभुत विद्यालय | ढकाल गाँउ | १ |
| ३ | सिङग देवी आधारभुत विद्यालय | थापाचौर | १ |
| ४ | जलकन्या आधारभुत विद्यालय | झगपुर | १ |
| ५ | बरुणेश्वर मा.वि खेल मैदान | रामपुर | २ |
| ६ | गणेश मा.वि खेल मैदान | ढुस्के | २ |
| ७ | भुमेदेवी खेल मैदान | वेसी खोरीया | ३ |
| ८ | ढाडे सुवाँरा खेल मैदान | सुवाँरा | ३ |
| ९ | समाजसेवा यूवा क्लब | | ६ |
| १० | श्रीचौर पत्करी खेल मैदान | | ६ |

श्रोतः वडा कार्यालय २०७५

## ५.६ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा

यस गाउँपालिका भित्र रहेका वडाहरुमा विभिन्न प्रकारका सामुदायिक भवनहरु रहेको पाईन्छ । यस्ता भवनहरुमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्ने, वडा भेलागर्ने गरेको पाइन्छ । तलको तालिकामा मोलुङ गाउँपालिकाका भित्र रहेका सामुदायिक भवनहरुको विवरणलाई दिईएको छ ।

**तालिका नं.५.६.१ सार्वजनिक स्थल, पाटी पौवा र चौतारा सम्वन्धी विवरण**

| क्र.सं. | सार्वजनिक पाटिपौवा र चौतारा सम्वन्धि विवरण | स्थान |
|---|---|---|
| १ | पाटि पौवा -१ | मिलनचोक |
| २ | कालिका आमा समुह प्रतिक्षालय | गहते |

| | | |
|---|---|---|
| ३ | झगरपुर प्रतिक्षालय | झगरपुर |
| ४ | सिद्ध क्षती आमा समुह | साईटार |
| ५ | अनिरुद्र विघ्र  आस्रम प्रतिक्षालय | पसल डाँडा |
| ६ | रामपुर वजार प्रतिक्षालय | रामपुर |
| ७ | रामपुर वजार चौतारी | रामपुर |
| ८ | देउराली प्रतिक्षालय | देउराली |
| ९ | भुमेदेवी प्रतिक्षालय | सिमटार |
| १० | चैतारा प्रतिक्षालय | चैतारा |
| ११ | कार्की गाँउ स्थल प्रतिक्षालय | कार्की गाँउ |
| १२ | प्रतिक्षालय | पिपलडाडा |
| १३ | प्रतिक्षालय | मड्केना |
| १४ | प्रतिक्षालय | डाडाटोल |
| १५ | प्रतिक्षालय | मानेगाँउ |
| १६ | मंगलबारे | श्रीचौर |

श्रोतः वडा कार्यालय २०७५

# परिच्छेद ६ :वन तथा वातावरणीय स्थिति

## ६.१ वन क्षेत्रको वर्तमान अवस्था

ग्रामिण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने कृषि देखि लिएर जलश्रोत, पर्यटन आदिको विकासमा वन क्षेत्रले महत्वपूर्ण अवसरहरुको श्रृजना गरेको हुन्छ । तर बढ्दो जनसंख्या र अरु बैकल्पिक व्यवस्थाहरुको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ । जसले गर्दा वन जंगलको विनास, भू-क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकूलताहरु बढ्दै गएको छ । यस अवस्थामा मोलुङ गाउँपालिकामा सहभागितामूलक वन व्यवस्थापन मार्फत गरिव तथा पिछडिएका वर्गको हितलाई ध्यानमा राख्दै वन क्षेत्रको संरक्षण, संवर्द्धन तथा दीगो विकास, भू तथा जलाधार व्यवस्थापन, जैविक विविधताहरुको संरक्षण र विकास गर्न जरुरी देखिएको छ । यसो गर्न सकिएमा गाउँपालिकामा रहेको कूल क्षेत्रफलको ३८ प्रतिशत भू-भाग वन क्षेत्रले ढाकेकोले यस गाउँपालिकाका मानिसले वनमा आधारित भएर पनि आर्थिक गतिविधिहरु संचालन गर्न सक्ने सम्भावना प्रशस्त देखिन्छ ।

दैविक प्रकोपले मानिसहरुलाई बेलाबेलामा सताउने पनि गर्ने गर्दछ । बेलाबेलामा आईपर्ने दैवी प्रकोपमा मुख्य रुपमा बाढी, पहिरो, भूकम्प तथा महामारी पर्दछन् । यस गाउँपालिकामा अन्य प्रकोपको संभावना नरहेको भएतापनि बैशाख १२ गतेको महाभुकम्पले गाउँपालिकालाई पुर्ण रुपमा प्रभावित गरेको थियो । यस गाउँपालिकाका वडा तथा वस्तीहरुमा प्रकोप सम्बन्धी सकंलन गरिएको तथ्याङ्कहरूलाई अध्ययन तथा विश्लेषण गर्दा धेरै परिवारहरु भुकम्पवाट पिडित रहेका छन् । तसर्थ यस गाउँपालिकामा विपद व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु संचालन गरि न्युनीकरण तर्फ ध्यान दिनुपर्ने देखिन्छ । वन वातावरण लगायत विपद व्यवस्थापन सम्बन्धीथप विषयलाई तल व्याख्या गरिएको छ ।

| क्र.सं. | विवरण | संख्या | क्षेत्रफल | वडा नं |
|---|---|---|---|---|
| 1 | सामुदायीक वन | ७ | | १ |
| 2 | सामुदायीक वन | २ | ४००० | २ |
| 3 | कबुलीयती वन | ३ | | २ |
| 4 | सामुदायीक वन | १ | | ३ |
| 5 | कबुलीयती वन | १ | | ३ |
| 6 | सामुदायीक वन | ५ | | ४ |
| 7 | कबुलियती वन | ६ | | ४ |
| 8 | सरकारी संरक्षित वन | ५ | ६ हेक्टर | ४ |
| 9 | सामुदायीक वन | ३ | १९९ | ६ |
| 10 | कबुलियती वन | २ | ६० | ६ |

**तालिका नं.६.१.१ वनक्षेत्र सम्वन्धी विवरण**

श्रोत : वडा कार्यालय २०७५

**तालिका नं.६.१.२ संरक्षित पानि मुहान, जमिन र भौतिक संरचना सम्वन्धी विवरण**

| क.सं. | संरक्षित पानिमुहान, जमिन र भौतिक संरचना | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | झगरपुर खोला भोगदिवी खानेपानी | झगरपुर खोला | २ |
| २ | रामपुर खानेपानी | फलामेखोला | २ |
| ३ | टेकानपुर खानेपानी | टेकानपुर | २ |
| ४ | ढुस्के खानेपानी | ढुस्के | २ |

श्रोत : वडा कार्यालय २०७५

## ६.२ जैविक विविधता र वातावरणीय सेवा

### ६.२.१ वासस्थानका आधारमा महत्वपुर्ण जनावर तथा चराचुरुङ्गीको विवरण

यस गाउँपालिकामा पाइने मुख्य जनावरहरूमा सालक, चितुवा, भालु, बँदेल, दुम्सी, खरायो, स्याल, रतुवा मृग बाँदर आदि छन् भने चराचुरूङ्गीमा काग, परेवा, चिवे, कालिज, हुचिल, लाटोकोसेरा, भंगेरा, मैना, सुगा, बाज, जुरेली, फिस्टा, बकुल्ला, चिल, ढुकुर जस्ता पंक्षी पाईन्छन् । सर्प, छेपारो, माउसुली जस्ता सरीसृप, भ्यागुतो जस्ता उभयचर, विच्छी, फट्यांग्रा, वन मौरी, अरिङ्गाल, बारूलो र विभिन्न जातका अन्य किराहरू पाईन्छन् ।

### ६.२.२ महत्वपुर्ण वनस्पति विवरण

यस गाउँपालिका अन्तर्गत पर्ने महाभारत क्षेत्र जुन जैविक विविधताले महत्वपुर्ण मानिन्छ, उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लौठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुटकी, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल आदि हुन् । तर यी जडिबुटीको व्यवसायिक प्रयोजनको हिसावले प्रयोग भएको भने पाँइदैन ।

## ६.३ विपद् जोखिम व्यवस्थापन

अचानक प्रकृतिमा हुने असामान्य गतिविधीका कारण उत्पन्न भएका घटना वा नकारात्मक परिणामलाई प्राकृतिक प्रकोप भनिन्छ । प्राकृतिक प्रकोपका घटनाहरु कतिखेर घट्छन भनेर एकिन साथ भन्न सकिदैन मात्र यसको पुर्वानुमान गर्न सकिन्छ । प्राकृतिक विपतीले ठुलो जनधनको क्षति गराउनका साथै ठुलो मानसिक विचलन ल्याउने गर्दछ । नेपालको सन्दर्भमा यसको ज्वलन्त उदाहरणको रुपमा २०७२ सालमा गएको महाभूकम्प लाई लिन सकिन्छ । त्यसैगरी हाम्रो देश नेपाल बाढि पहिरोको उच्च जोखिमयुक्त मुलक पनि भएको हुदा आईपर्ने प्राकृतिक विपती प्रति समयमानै सावधानीका उपायहरु अपनाउनु आवश्यक छ । यसका लागि निर्माण गरिएका निति नियम अक्षरस कार्यन्वयन गर्नुपर्ने देखिन्छ । साथै गृहमन्त्रायलको मातहतमा रहेको विपद व्यवस्थापन माहाशाखा लगायत जिल्ला प्रशासन कार्यालय, जिल्लाका अन्य सुरक्षा निकाय लगायत यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरु चनाखो रुपमा रही आफ्नो भुमिका निर्वाह गर्नु पर्दछ ।

विपद व्यवस्थापनका रोकथामका उपायहरुमा विपद व्यवस्थापन सम्बन्धी आवश्यक निति नियम बनाउनुका साथै भौतिक संरचनाहरुको निर्माण गर्दा विशेष सावधानी अपनाउने त्यसैगरी वृक्षारोपण गर्ने तटबन्ध गर्ने साथै प्राकृतिक विपती सम्बन्धी जनचेतना जगाउने कार्यक्रमहरु संचालन गर्नुपर्ने अवस्था छ ।

अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि,बाढीपहिरो, भुकम्प, ज्वलामुखी विष्फोट आदि प्रकोपहरु प्रकृति सिर्जित प्राकृतिक प्रकोप हुन् तर सवै किसिमका प्राकृतिक प्रकोपहरु प्राकृतिक कारणले मात्र हुदैनन् । मानविय लापरवाहीका क्रियाकलापहरुबाट पनि प्राकृतिक प्रकोप हुन सक्छ, जस्तै वनजङ्लमा आगजनी हुनु, बाँध फुट्नु, बाढीपहिरो जानु आदि । यस्ता प्राकृतिक प्रकोपहरु रोकथाम र न्युनिकरणमा हामी सबैको समान जिम्मेवारी हुन्छ । तसर्थ, हामी सबैले विभिन्न किसिमका सम्भाव्य विपत्का कारणहरुको रोकथाम र न्युनिकरणका लागि घरपरिवार र समाजमा जनचेतना जगाउनु पर्छ । साथै सम्भाव्य विपदको तयारीका बारेमा सधै सचेत रहनु पर्ने हुन्छ ।

बाढीपहिरो आएर धनजनको क्षति हुनु भनेको प्राकृतिक विपद हो र घरजग्गा खोलाको नजिक हुनु भनेको बाढीको जोखिममा हुनु हो । त्यसैगरी निजी घरहरु, कलकारखानाहरु, बाँध र खेतीबाली भएका स्थानहरु बाढी पहिरोका लागि अति नै खतरापूर्ण ठाउँहरु हुन । बाढी पहिरो आएमा त्यहाँको समुदाय नै सङकटमा पर्छ । प्राकृतिक प्रकोपका अलवा मानव सिर्जित  विपद जस्तै बम विस्फोटन, रासायनिक दुर्घटना, सडक दुर्घटना, युद्ध, हिंसा, आतङ्क आदिले पनि हाम्रो जिवनमा नकारात्मक असर पार्ने हुँदा यस्ता विपद बाट सधैँ सजग र होसीयार हुनु पर्दछ ।

मोलुङ गाउँपालिकामा प्रकोपको अवस्थालाइ अध्ययन तथा विश्लेषण गर्दा २०७२ सालमा गएको महा भुकम्पबाट मोलुङ गाउँपालिका पनि प्रभावित भएकोछ । यस प्राकृतिक प्रकोपबाट गाउँपालिकामा धनजन तथा मानसिक विचलनका समस्याहरु देखापरेका छन  । यसको रोकथाम तथा निवारणका लागि प्राकृतिक श्रोतहरुको संरक्षणका लागि स्थानीय स्तरमा गरिने क्रियाकलापहरु जस्तै जनचेतनाको विकास, सुरक्षित वस्तीको निर्माण, वृक्षारोपण, वातावरणीय सरसफाइ, वनफँडानी रोकथाम सम्बन्धी कार्यक्रमहरु संचालन गरि आफ्नो जिम्मेवारी बहन गर्नका लागि समेत प्रोत्साहन गर्दै जानु पर्दछ । मोलुङ गाउँपालिकाको  वडागत भुकम्पको  लाभग्राहि विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.६.३ वडागत भुकम्पको  लाभग्राहि सम्वन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पहिलो | ३२ | १५१ | ३० | २७ | ५१ | ३५ | २८ | २९ | ३८३ |
| २ | दोस्रो | १६ | ८४ | १ | १ | ३१ | ४४ | २६ | १३ | २१६ |
| ३ | तेस्रो | १६२ | ४२५ | १३८ | २१० | २४८ | ३४९ | ३२० | २२२ | २०७४ |
| जम्मा | | २१० | ६६० | १६९ | २३८ | ३३० | ४२८ | ३७४ | २६४ | २६७३ |

श्रोतः वडा कार्यालय २०७५

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
|---|---|---|---|---|---|---|---|---|---|
| छ | १० | ७८८ | १३७ | ४४७ | ३०० | ४१४ | २२४ | ९८ | २४१८ |
| छैन | ६३५ | ८२ | १६६ | ५३ | १२८ | १२६ | २४५ | ३५५ | १७९० |
| | ६४५ | ८७० | ३०३ | ५०० | ४२८ | ५४० | ४६९ | ४५३ | ४२०८ |

**तालिका नं. ६.३ प्राकृतिक प्रकोपको खतरा सम्वन्धी विवरण**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | | | | | | | | | |
| छ | ११ | ३०५ | २९ | ५१ | ४९ | १८० | १७४ | ८२ | ८८१ |
| छैन | ६३४ | ५६५ | २७४ | ४४९ | ३७९ | ३६० | २९५ | ३७१ | ३३२७ |
| | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |
| **पहिरो** | | | | | | | | | |
| छ | ५५ | ३७० | १४४ | ३२६ | १९३ | १८९ | २०५ | ८७ | १५६९ |
| छैन | ५९० | ५०० | १५९ | १७४ | २३५ | ३५१ | २६४ | ३६६ | २६३९ |
| | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |
| **महामारी** | | | | | | | | | |
| छ | १० | ७७० | ९ | २ | ३ | ३५ | १३ | ४ | ८४६ |
| छैन | ६३५ | १०० | २९४ | ४९८ | ४२५ | ५०५ | ४५६ | ४४९ | ३३६२ |
| | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |
| **हावाहुरी** | | | | | | | | | |
| छ | ६१९ | ८१२ | २३६ | ४५९ | ४२५ | ४३२ | २०३ | २१ | ३२०७ |
| छैन | २६ | ५८ | ६७ | ४१ | ३ | १०८ | २६६ | ४३२ | १००१ |
| | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |
| **्नदि कटान** | | | | | | | | | |
| छ | १२ | ४२ | ३ | २५ | ५ | ६२ | ५ | २ | १५६ |
| छैन | ६३३ | ८२८ | ३०० | ४७५ | ४२३ | ४७८ | ४६४ | ४५१ | ४०५२ |
| | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |
| **खडेरी** | | | | | | | | | |
| छ | ६२२ | ८४९ | २२७ | ३७९ | ४२६ | २२१ | १८८ | ५ | २९१७ |
| छैन | २३ | २१ | ७६ | १२१ | २ | ३१९ | २८१ | ४४८ | १२९१ |
| | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** |

श्रोतः घरधुरी  सर्वेक्षण २०७५

# परिच्छेद७ः भौतिक विकासको अवस्था

## ७.१ यातायात पूर्वाधार

हरेक समुदाय देखि लिएर वस्ती वस्तीको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक, यातायातको सबै भन्दा कम खर्चिलो माध्यम हो । मोलुङ गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने मानिसहरूले

पुर्वाधार विकासका आधारमा के कस्तो प्रकारका सेवा सुविधा पाईरहेका छन् र त्यसको अवस्था के कस्तो रहेको छ भन्ने बारेमा अध्ययन गर्नको लागि यस क्षेत्रमा प्राप्त हुने न्यूनतम आधार क्षेत्रहरूको दिगोपनलाई स्थानीयकरण गरी विश्लेषण गरिएको छ ।

### ७.१.१ सडक संजालको विद्यमान अवस्था

मोलुङ गाउँपालिकाको भुवनोट, विवधतायुक्त प्राकृतिक स्रोत साधनको प्रचुरता, अलग पहिचान, सँस्कृति, परम्परा र ऐतिहासिकता एवम् युवा जनशक्तिको क्षमता समेतलाई आधार बनाएर विस्तृत योजना सहित नव निर्माणमा अघि बढेको देखिन्छ । मोलुङ गाउँपालिका भित्र रहेका पक्की, ग्राभेल तथा कच्ची सडक आदि सहितको मुख्य सडक सम्बन्धी विवरणलाई तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ७.१.१ सडक सम्वन्धी विवरण -किमी)**

| सडकको किसिम | अनुमानित लम्बाई (कि.मी) | सडकको औसत चौडाई (कि.मी) | सडकले सेवा पुग्न सक्ने वडा तथा वस्तीहरु | लाभान्वित जनसंख्या | वडा नं. |
|---|---|---|---|---|---|
| कालो पत्रे | १६ कि.मी. | ५ मि. | १,२ | ५००० | १ |
| कच्ची तथा धुले | ८६ कि.मी. | ५ मि. | वडा नं.१ का सम्पुर्ण वस्ती | ३५०० | १ |
| कालो पत्रे ओखलढुङ्गा-रामपुर | १६ कि.मी. | ७ मि. | | १५००० | २ |
| ग्राभेल रामपुर-लप्से | ७ कि.मी. | ७ मि. | | ९००० | २ |
| कच्ची तथा धुले | ४० कि.मी. | ५ मि. | | १००००० | २ |
| कच्ची तथा धुले | ८ कि.मी. | ७ मि. | केहि वस्ती | | ३ |
| कच्ची तथा धुले | १० कि.मी. | ४ मि. | वडा नं.४ का सम्पुर्ण वस्ती | १००००० | ४ |
| कच्ची तथा धुले | ४० कि.मी. | ५ मि. | वडा नं.६ का सम्पुर्ण वस्ती | | ६ |
| आउन बाँकी | | | | | |

श्रोतः वडा कार्यालय २०७५

## ७.२ निर्माणाधिन गाँउस्तरीय सडक व्यवस्थापन

विकास पुर्वाधारको प्रमुख मेरुदण्डको रुपमा रहेको सडकले अन्य विकास निमार्णमा पनि अत्यन्तै सहयोगी भुमीका निर्वाह गर्ने कुरामा कुनै दुइमत छैन । विकास कार्यलाई अझ बढी चुस्त दुरुस्त बनाउनको लागि सडक यातायात लाई नै मध्यनजर गर्दै मोलुङ गाउँपालिकामा पनि तिब्र रुपमा सडक ब्यबस्थापनलाई निरन्तरता दिइएको पाइन्छ ।

## ७.३ झोलुंगे पुल तथा पुलपुलेसा

यातायातलाई सहज बनाउनका लागि पुलपुलेसाहरुको पनि ठुलो महत्व रहेको हुन्छ । ठुला तथा साना नदिहरु भएको स्थानहरुमा सहज रुपमा यातायात संचालन गर्न गराउनका लागि मोटरेवल पुलहरुको आवश्यकता पर्दछ भने ग्रामिण स्थानहरुमा झोलुङ्गे पुलहरुले यसको काम गरि रहेका हुन्छन । यस गाउँपालिका भित्र साना ठुला गरी विभिन्न

प्रकारका पुलहरु रहेको देखिन्छ । यस गाउँपालिकामा, पक्की पुल, झोलुङे पुल,काठ वा बाँसवाट वनेको कच्ची पुलहरु रहेका छन । तलको तालिकामा पुल, त्यस पुलवाट जोडिने वस्तीहरुको नामको वारेमा देखाइएको छ ।

**तालिका नं. ७.३.१ पुल तथा कल्भर्ट सम्बन्धी विवरण**

| क्र.सं. | पुल/खोलाको नाम | दायाँ किनारा रहेको स्थान | किनारा रहेको स्थान | निर्मित साल | सहयोगी निकाय | वडा नं. |
|---|---|---|---|---|---|---|
| १ | धोवी खोला झोलुङ्गे पुल | मान्द्रे | तर्किनी | २०७४ | साहस नेपाल | १ |
| २ | झगरपुर झोलुङ्गे पुल | साईटार | रामपुर | २०७२ | साहस नेपाल | १ |
| ३ | लिपे झोलुङ्गे पुल | बाह्रविसे | ज्यामिरे | २०७१ | साहस नेपाल | १ |
| ४ | मोलुङ खोला पुल | हर्पेटार | कार्तिके | २०७३ | नेपाल सरकार | २ |
| ५ | स्यालढुेल खोल्सी कल्भर्ट | बरुणेश्वर | शहिद पार्क | २०७० | बेलायत सरकार | २ |
| ६ | सतिघाट झोलुङ्गे पुल | | | २०५४ | नेपाल सरकार | २ |
| ७ | पोक्तिङ खोला झोलुङ्गे पुल | | | २०५५ | | २ |
| ८ | ईन्द्रेणी खोल्सा झोलुङ्गे पुल | | | २०७२ | | २ |
| ९ | डुडे झोलुङ्गे पुल | | | २०७५ | | २ |
| १० | मान्द्रे झोलुङ्गे पुल | | | २०७५ | | २ |
| ११ | कुल खोला झोलुङ्गे पुल | मोलुङ ३ | मोलुङ ४ | २०७२ | | ३ |
| १२ | सिम्ले झोलुङ्गे पुल | मोलुङ ३ | मोलुङ ३ | २०५८ | | ३ |
| १३ | गैरा बारी दोभान | मोलुङ ३ | मोलुङ ३ | २०७५ | | ३ |
| १४ | नागथान पुल | मोलुङ ३ | मोलुङ ३ | २०७० | | ३ |
| १५ | गैराबारी खोला पुल | मोलुङ ३ | मोलुङ ३ | २०७३ | | ३ |
| १६ | हलिडाडा पक्की पुल | मोलुङ्ग ४ | मोलुङ्ग २ | २०७१ | नेपाल सरकार | ४ |
| १७ | कुल खोला पक्की पुल | मोलुङ्ग ४ | मोलुङ्ग ३ | २०७१ | नेपाल सरकार | ४ |
| १८ | घलेगाँउ झोलुङ्गे पुल | मोलुङ्ग ४ | मोलुङ्ग ४ | २०६९ | नेपाल सरकार | ४ |
| १९ | मोलुङ | रागादिप | प्राप्चा | २०७४ | जि.स.स/गा.पा | ५ |
| २० | सेलेल ट्रस वृज | मोलुङ्ग ६ | | | काठुरी | ६ |
| २१ | मोलुङ्ग खोला झोलुङ्गे पुल | मोलुङ्ग ६ | खिजिदेम्बा | | साहसी नेपाल | ६ |
| २२ | खोला खर्क झोलुङ्गे पुल | मोलुङ्ग ६ | मोलुङ्ग ७ | | नेपाल सरकार | ६ |
| २३ | धुम्सा ट्रस वृज | मोलुङ्ग ६ | मोलुङ्ग ६ | | नेपाल सरकार | ६ |

श्रोत:वडा कार्यालय २०७५

## ७.४ इन्धन उपयोग विवरण

यस गाउँपालिकामा बसोबास गर्ने ४२०८ घरधुरी मध्ये ३७७८ (८९.७९ प्रतिशत) खाना पकाउने प्रमुख इन्धन काठ वा दाउरा रहेको छ । यस्तैगरी इन्धनको रुपमा यहाँका बासिन्दाहरुले एल.पी ग्याँस पनि ४०७ (९.६७ प्रतिशत) घरधुरीले प्रयोग गर्दै आएको तथ्यांकले देखाएको छ । त्यस्तै वायोग्याँस, मट्टितेल, विद्यूतको स्रोतबाट खाना पकाउने

परिवारको संख्या न्यून रहेको छ । तलको तालिकामा गाउँपालिका तथा वडामा रहेको इन्धनको किसिम सम्बन्धी विवरणलाई दिईएको छ ।

**तालिका नं. ७.४.१ वडागत रुपमा इन्धन प्रयोगको किसिम सम्बन्धी विवरण**

श्रोत : वडा कार्यालय २०७५

### ७.४.१ बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार/ विद्युत तथा बैकल्पिक उर्जा

यस गाउँपालिकाको कुल जनसंख्या मध्य प्रायजसो घरधुरीमा बत्तीको सेवा उपलब्ध छ। यस गाउँपालिकामा बसोवास

| विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| दाउरा | ६३५ | ६९४ | २४४ | ४४९ | ३४६ | ५१९ | ४४१ | ४५० | ३७७८ | ८९.७९ |
| एल.पि.ग्यास | ६ | १६४ | ५८ | ५० | ८२ | १९ | २५ | ३ | ४०७ | ९.६७ |
| गोवरग्याँस | ४ | १२ | १ | १ | | २ | ३ | | २३ | ०.५४ |
| जम्मा | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** | **१००** |

गर्ने गाउँबासीहरुले राष्ट्रिय प्रसारण मार्फतको विद्युतको सेवा उपभोग गरेका छन् । जस अनुसार ३३२४ घरधुरीले राष्ट्रिय प्रसारणबाट विद्युत सेवा प्राप्त गरेका छन् । यो संख्या यस गाउँपालिकाको कूल घरधुरी संख्याको ७८.९९ प्रतिशत हुन आउदछ। तलको तालिकामा विद्युत तथा उज्यालो सेवा उपलब्ध परिवारको विवरणलाई देखाईएको छ।

**तालिका नं. ७.४.३ विद्यूत सेवा प्रयोग सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिजुली | ६२१ | ८४० | २९२ | ४१९ | ३६७ | ४०१ | २४५ | १३९ | ३३२४ | **७८.९९** |
| २ | सोलार | ३ | ८ | ७ | ६३ | १५ | ११५ | २११ | २८४ | ७०६ | **१६.७८** |
| ३ | टुकी | २१ | १२ | ३ | १८ | ४५ | २३ | १३ | २९ | १६४ | **३.८९** |
| ४ | अन्य | | १० | १ | | १ | १ | | १ | १४ | **०.३३** |
| | **जम्मा** | **६४५** | **८७०** | **३०३** | **५००** | **४२८** | **५४०** | **४६९** | **४५३** | **४२०८** | **१००** |

श्रोतः घरधुरी सर्वेक्षण २०७५

### ७.५ सञ्चार तथा प्रविधि

नेपाल टेलिकम प्रा.लि. तथा एनसेल प्रा.लि. मार्फत यस गाउँपालिकामा विभिन्न दूर सञ्चार सेवाहरु उपलब्ध रहेका छन् । सञ्चार प्रणालीमा हुलाक, निजी कुरियर, टेलिफोन, फ्याक्स तथा इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु पनि यस गाउँपालिकामा उपलब्ध रहेका छन् । साथै यस्ता सेवा ठाउँ-ठाउँमा खुलेका साइबर क्याफेहरु, होटल, लज, विद्यालय र क्याम्पसहरुमा पनि उपलब्ध रहेकाले दुर सञ्चार सेवामा सर्वसाधारणको पहुँच सजिलो भएको छ ।

### ७.५.१ हुलाक तथा पत्रपत्रिका सम्बन्धी विवरण

सञ्चारको अर्को साधन हुलाक सेवा पनि एक हो । जिल्ला हुलाक कार्यालयको सुरुवातसँगै सूचना तथा खबरहरु आदानप्रदानमा सरल र सुलभ भएको छ । जिल्ला हुलाक  कार्यालयको साथै यस गाउँपालिकामा रकेका हुलाक कार्यालयलाई तलको तालिकामा देखाईएको छ।

**तालिका नं. ७.५.१ गाउँपालिका भित्रका हुलाक कार्यालय सम्वन्धी विवरण**

| क्र.सं. | हुलाक सेवा केन्द्र, उपकेन्द्र, | भवनको प्रकृती | | वडा नं. |
|---|---|---|---|---|
| 1 | अतिरित्त हुलाक कार्यालय | भाडामा | कच्ची | २ |
| 2 | अतिरित्त हुलाक कार्यालय | कच्ची | | ४ |
| 3 | भालुथुम्का अतिरित्त हुलाक | पक्की | | ६ |

श्रोत वडा कार्यालय २०७५

**तालिका नं. ७.५.२ गाउँपालिका अन्तर्गतका सामुदायीक भवन सम्बन्धी विवरण**

| क्र.सं. | सामुदायीक भवनहरुको नाम | वस्ती | वडा नं. |
|---|---|---|---|
| १ | लालिगुरास सामुदायीक भवन | थापाचौर | १ |
| २ | गहते पैयावोट सामुदायीक भवन | गहते | १ |
| ३ | महिला तथा ऋण सहकारी | मिलनचोक | १ |
| ४ | कृषि भवन | मिलनचोक | १ |
| ५ | स्वास्थ्य खोप केन्द्र | झगरपुर | १ |
| ६ | थानी ढुङ्गा आमा समुह | | २ |
| ७ | रेडक्रस भवन | | २ |
| ८ | ढुस्के (क्लव भवन) | | २ |
| ९ | महिला सामुदायीक भवन | | २ |
| १० | टेकानपुर सामुदायीक भवन | | २ |
| ११ | साविक बरुणेश्वर गा.वि.स भवन | | २ |
| १२ | सृजनशिल यूवा क्लब | फुयलगाँउ | ३ |
| १३ | स्वास्थ्य चौकी भवन | देउराली | ३ |
| १४ | सहिद स्मृती सामुदायीक भवन | | ४ |
| १५ | विपद व्यवस्थापन भवन | | ४ |
| १६ | महिला विकास सामुदायीक भवन | | ४ |
| १७ | सामुदायीक वन भवन | | ४ |
| १८ | पशुपति आमा समुह | सोलाखर्क | ६ |
| १९ | किरेडाडा आमा समुह | किरेडाडा | ६ |
| २० | चेप्टे आमा समुह | चेप्टे | ६ |

श्रोत : वडा कार्यालय २०७५

**७.५.३ शवदाहस्थल सम्बन्धी विवरण**

| क्र.सं. | घाट तथा चिहानहरुको नाम | स्थान (जातजाती) |
|---|---|---|
| १ | त्रिवेणी घाट | ब्राम्हण,क्षेत्री, अन्य सवै |

| | | |
|---|---|---|
| २ | लिपे खोला | ब्राम्हण,क्षेत्री, अन्य सव |
| ३ | निबुवा बोटे घाट | ब्राम्हण,क्षेत्री, मगर,दलित |
| ४ | कुलखोला दोभान घाट | ब्राम्हण,क्षेत्री, मगर,दलित |
| ५ | खारखोला दोभान घाट | ब्राम्हण,क्षेत्री, मगर,दलित |
| ६ | डाडा घाट | तामाङ |
| ७ | खोला खर्क घाट | ब्राम्हण,क्षेत्री, दलित |
| ८ | च्यानडाँडा | तामाङ |
| ९ | तिखरे डाँडा | तामाङ,शेर्पा |
| १० | च्यानडाँडा,(सेलाखर्क) | तामाङ |
| ११ | मोलुङ खोला | ब्राम्हण,क्षेत्री, दलित |

श्रोत : वडा कार्यालय २०७५

**परिच्छेद आठः संस्थागत तथा सुशासन**

संस्थागत विकास र सुशासन स्थानीय स्वायत्त सरकारका आधारस्तम्भहरू हुन्। प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूतिबाट मात्रै स्थानीय शासन तथा तह संस्थागत हुने गर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ लगायत सम्बन्धित ऐन, नियम, निर्देशिकाले स्थानीय तहलाई स्थानीय सरकारको जिम्मेवारी दिएको छ। उपरोक्त कानूनी व्यवस्था अनुसार विकास सम्बन्धी गतिविधि सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममुखी र प्रभावकारी बनाउन स्थानीय तहको पुर्ण तथा समन्वयकारी भूमिकाको अपेक्षा गरिएको छ । ग्रामिण विकासका प्रयासहरुलाई व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी बनाउन गाउँपालिकाको समग्र नेतृत्व र विषयगत निकायहरुको विषयगत नेतृत्वमा योजना तर्जुमा, कार्यान्वयन र नतिजा अनुगमन तथा मूल्याङ्कन प्रक्रिया संस्थागत हुन आवश्यक छ ।

गाउँपालिका तथा हालको स्थानीय सरकारको समग्र समन्वय र विषयगत निकायहरुको विषयगत क्षेत्रको नेतृत्वमा ग्रामिण विकासको विद्यमान स्थितिको चित्रण गर्दै विकासका सम्भावना र आवश्यकताका आधारमा गाउँपालिकाको रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, आयोजना तथा कार्यक्रमको नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणाली संस्थागत गर्न आवश्यक देखिन्छ । यसबाट गाउँपालिकाको एकिकृत विकासमा स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन र गाउँपालिकाको विकासका सरोकारवाला (सरकारी, गैर सरकारी, निजी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारीमा अभिबृद्धि भई विकासका प्रयासहरु व्यवस्थित, नतिजामूलक तथा प्रभावकारी हुन सक्दछ ।

सामान्यतः गाउँपालिकाको पार्श्वचित्र निर्माणले गाउँपालिकाका विकासको लागि मार्गचित्र प्रस्तुत गर्दछ। यसै सन्दर्भमा गाउँपालिका पार्श्वचित्रका विभिन्न विषय शिर्षक तथा प्राथमिकताका विषय क्षेत्रमध्ये संस्थागत विकास तथा सुशासन पनि एक रहेको छ। स्थानीय सरकार संचालन ऐन २०७४ लगायत अन्य कानूनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारितामा अभिवृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएकोछ। सुशासन ऐन २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले क्षतिपूर्तीसहितको नागरिक वडापत्र, गुनासो सुनुवाई, पारदर्शिता र जवाफदेहितासहित सेवाग्राहीमैत्री कार्यप्रणाली अपनाउनु पर्ने व्यवस्था गरेको छ। यसैगरी स्थानीयस्तरका सेवा प्रदायक निकायलाई सेवाग्राहीप्रति जवाफदेही बनाउन उत्तरदायित्व सम्बन्धी संयन्त्रहरुको कार्यान्वयन रणनीति तथा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण कार्यविधि तथा सूचनाको हकसम्बन्धी कानूनी र नीतिगत व्यवस्था र औजारहरु उपलब्ध रहेकोछ।

**८.३ गाउँपालिकाबाट पारित भएका , ऐन,नियम, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड**

| क्र.सं. | ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड |
|---|---|
| १ | शिक्षा नियमावली २०७५ |
| २ | उपभोक्ता समिति गठन परिचालन तथा व्यबस्थापन सम्बन्धी कार्यबिधि |
| ३ | विनियोजन विधेयक |
| ४ | आर्थिक ऐन |
| ५ | निर्णय र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि |
| ६ | पदाधिकारीको आचार संहिता |
| ७ | कार्यबिभाजन नियमावली |
| ८ | गाउँ कार्यपालिकाको कार्यसम्पादन नियमावली |
| ९ | बैठक संचालन सम्वन्धी कार्यविधि |
| १० | गाउँ सभा संचालन कार्यविधि |

श्रोतः गाउँपालिकाको कार्यालय २०७५

उपलब्ध नभएका तथ्यांकहरु

१. वडा नं. ७ र ८ बाट व डा स्तरीय तथ्यांक प्राप्त नभएको ।

२. भुकम्प लाभग्राही तथ्यांक प्राप्त नभएको ।

३. सामाजिक सुरक्षा तथ्यांक प्राप्त नभएको ।

४. गाउँपालिकाको वडापत्र प्राप्त नभएको ।

५. गाउँपालिकामा रहेका विद्मालयको नामावली प्राप्त नभएको ।

६. स्वास्थ्य को तथ्यांक प्राप्त नभएको ।

७. वडा नं ५ को पुर्ण वडा स्तरीय तथ्यांक प्राप्त नभएको ।

८. गाउँपालिका तथा वडाहरुमा हाल कार्यरत कर्मचारी को नामावली तथा सम्पर्क नं प्राप्त नभएको ।

९.